# हिमाली शान्ति

वर्ष २०, अंक ६, जुलाई २०१४

विश्वासबाट एकताको घेरा फराकिलो हुन्छ ।











## बारम्बार उद्धृत श्रोतहरू

निचिरेन दाइशोनिनका लेखहरूको पहिलो अध्यायलाई WND-1 र कमश दोश्रो अध्यायलाई WND-2 पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

निचिरेन दाइशोनिनको गोशो संग्रहलाई GZ पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

मौखिक रूपमा प्रचार गरिएको उपदेशहरूको रेकर्डलाई OTT पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

Burton Watson (वर्टन वात्सन) द्वारा अनुवाद गरिएको सद्धर्मपुण्डरीक सुत्रलाई LS पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

# विजय सूची


सन्देश २
(महिला वर्गको साधारण सभाको लागि अध्यक्ष इकेदाको सन्देश)

सन्देश ४
(महिला वर्गको साधारण सभाको लागि नेपाल एस.जि.आई. का मानार्थ सल्लाहकार योशिको कावामुराको सन्देश )

सम्पादकको कलम ५
(महिलाहरू वीचको वार्तालाप अनन्त आशा र खुशीको स्रोत हो)

विजय तर्फ ६
(व्यवहार नै आस्थाको प्रतिविम्ब हो/ एकता)

नेपाल एस.जि.आई. गतिविधि ११
(महिला वर्गको १८ औं साधारण सभा)

कविता १३
(फर्काउन सकुँ तिम्रो रूप)

मार्गदर्शन १५
(सुखी घर निर्माण)

छलफल सभाको लागि अध्ययन सामाग्री २०
(वास्तविक विजयको लागि आस्था)

गुरू र शिष्यको सम्बन्ध २६
(अग्रसर हुने निश्चित मार्ग)

भविष्य सिर्जना गर्दै २८
(प्रार्थना, जीवनको आधारशीला)


यदि कसैले शुरू देखि कहिल्यै समस्या वा कठिनाईहरूको सामना नगरि पूर्णतया स्वतन्त्र र सुखी जीवन जीउनु भनेको वास्तवमै दुर्भाग्य हुन सक्छ ।


प्रधान सम्पादक : श्रीमती सहना श्रेष्ठ
सह सम्पादक : श्री कृष्ण दवाडी, सुश्री युरिका शाक्य, श्री विजेन श्रेष्ठ
कम्प्युटर कला सल्लाहकार : श्री नविन मानन्धर
रिपोर्टर : सुश्री दिक्षा सिंह
प्रुफ रिडर : श्री लक्ष्मण डंगोल


सर्वाधिकार : नेपाल सोका गाक्काई इन्टरनेशनलमा सुरक्षित,


फोन नं : ४०३८५८९ ४०३८५८३ पोब : ७८८ कलंकी, काठमाण्डौ, नेपाल ।
मूल्य : रु ३० ।






# महिला वर्गको साधारण सभाको लागि अध्यक्ष इकेदाको सन्देश

महिला वर्गको स्थापनाको ६३ औं बार्षिकोत्सवको उपलक्ष्यमा आज हुन गईरहेको तपाईहरूको उत्साहजनक भेलामा तपाईहरू सबैलाई मेरो हृदय देखि बधाई छ !

कानेको र मैले तपाईहरू सबैलाई दाइमोकु पठाइरहेको छु र हामीले तपाईहरूको यस उत्कृष्ट भेलालाई न्यानो भावनाका साथ हेरिरहेको छु ।

यस जुन महिनामा, विश्वभरका थुप्रै राष्ट्रहरूमा एस.जि.आई. का महिला वर्ग र युवा महिला वर्गहरूको संयुक्त सभाहरू सञ्चालन भैरहेका छन् जहाँ सदस्य र साथीहरू एक साथ मिलेर यस बुद्धधर्मको जीवन दर्शनको अध्ययनबाट शान्ति, शिक्षा र संस्कृति सम्बन्धि संवादको लागि आधारशीलाको खडा गरेका छन् ।

विश्वको जुनसुकै ठाउँमा पनि, महिला वर्ग र युवा महिला वर्गका सदस्यहरूले आफ्नो र अरूको सुख हासिल गर्नको लागि अगाध इमान्दारीता र लगनशीलताका साथ कोसेनरूफुको अभियानलाई अगाडि बढाउन अरूलाई बुद्धधर्म बाँड्दै हरेक दिन प्रयत्न गरिरहेका छन् ।

निचिरेन दाइशोनिनले निचिन्यो भन्ने महिला शिष्यलाई पत्रमा लेख्नुभएको थियो किः

"जो महिलाले गोहोन्जोनलाई अर्पणहरू गर्दछन् उनीले यस जीवनमा सुख निम्त्याउँछ भने अर्को जीवनमा गोहोन्जोन उनीसंगै रहेर उनीलाई सदैव संरक्षण दिनेछ । अन्धकारमा लालटिन बाले जस्तै, उज्यालो पथ प्रदर्शक जस्तै र अलमलिने पहाडको मार्गमा भरियाले जस्तै निचिन्यो तिमी जहाँ गएपनि

गोहोन्जोनले तिमीलाई संरक्षण र रक्षा गर्नेछ । *(WND 1, पा. ८३२)* यो दाइशोनिनले गर्नुभएको वाचा हो ।

सहृदयी कोसेनरूफुको लागि एक चित्त भई प्रयास गर्नेहरूको जीवन एक कुलिन जीवनावस्था हो जुन दाइशोनिनले वर्णन गर्नु भएको जस्तै हो ।

वास्तवमा भन्ने हो भने मलाई लाग्छ, दैनिक व्यस्त तालिकासंग जुझ्दै कठिनाई र पीडादायी संघर्षहरूलाई पार लगाएर पाएको सफलता नै तपाईको लागि जीवन हो । कृपया, निर्धक्क हुनुस् कि, गोहोन्जोन र मौलिक बुद्ध सबै कुरा प्रति पूर्ण जागृत हुनुहुन्छ ।

कोसेनरूफुको लागि गरेका सबै कठिनाईहरू सौभाग्य र लाभहरूमा रूपान्तरण हुनेछन् । बुद्धधर्ममा कुनै पनि प्रयास खेर जानेछैन । जो संग दृढ आस्था छ उनीहरू महान् लाभहरूमा पक्कै रमाउनेछन् ।

मेरो गुरू जोसेइ तोदाले उहाँको मार्गदर्शनमा एकपटक भन्नु भएको थियो कि, "हाम्रो आस्था भनेको यसै जीवनकालमा

> कोसेनरुफुको लागि गरेका सबै कठिनाईहरु सौभाग्य र लाभहरुमा रुपान्तरण हुनेछन् । बुद्धधर्ममा कुनै पनि प्रयास खेर जानेछैन । जो संग दृढ आस्था छ उनीहरु महान् लाभहरुमा पक्कै रमाउनेछन् ।

सबै किसिमका कर्मसं लड्न, विजयी बन्न र बुद्धत्व प्राप्त गर्नको लागि हो । यस लडाईलाई धैर्यतापूर्वक सदा प्रयत्नशील भई आस्थामा आधारित भएर लडौं । सम्पूर्ण ब्रम्हाण्डमा रहेका सम्पूर्ण बौद्ध देवताहरू (सकारात्मक, संरक्षित कार्यहरू) लाई बटुलेर बुद्धत्वको उच्च जीवनावस्था र उदारतालाई प्रकट गर्दै सबैले निर्णायक विजय हासिल गरौं ।

अद्भूत धर्म अंगाल्नेहरूलाई पार लगाउन नसक्ने त्यस्तो कुनै समस्याहरू हुंदैनन् । त्यसमा तपाईले गर्नुपर्ने कुरा भनेको यसमा दृढ विश्वास राखी गोहोन्जोनलाई सहृदयी आस्थाका साथ प्रार्थना गर्ने र धैर्यताका साथ साहसिक भएर अगाडि बढ्नु हो । तपाईहरू सबैले आफ्नो जीवनमा महान् सौभाग्य र लाभहरू संकलण गर्नुस्, आस्थाको उल्लेखनीय वास्तविक प्रमाणहरू देखाउनुका साथै आशा र साहसको चहकिलो सूर्यका साथ तपाई वरिपरि रहेका मानिसहरूको जीवनलाई समेत्दै र उज्ज्वल बनाउँदै आफ्नो परिवार, कार्यस्थल, समूदाय र समाजमा चहकिलो सूर्य बन्नुस् ।

कानेको र मैले तपाईहरू सबैको निरन्तर सुस्वस्थ्य र विजयको लागि इमान्दारीतापूर्वक प्रार्थना गरिरहनेछु र मेरो अत्यन्त बहुमूल्य नेपालका सदस्यहरूलाई सम्पूर्ण हृदय देखि कदर गर्नेछु र तपाईको परिवारले सुख हासिल गर्नेछ ।

कृपया, आफ्नो राम्रो ख्याल राख्नुस् र सदैव स्वस्थ रहनुस् !

जुन १४, २०१४
दाइसाकु र कानेको इकेदा
अध्यक्ष,
अन्तराष्ट्रिय सोका गाक्काई

# महिला वर्गको साधारण सभाको लागि नेपाल एसजिआई का मानार्थ सल्लाहकार योशिको कावामुराको सन्देश



नेपाल एस.जि.आई. को महिला वर्गको १८ औं साधारण सभाको लागि म बधाई र कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अर्को वर्ष इकेदा सेन्सेइको नेपाल भ्रमणको २० औं बार्षिकोत्सव हुनेछ र सन् १९७५, एस.जि.आई. को स्थापनाको ४० औं बार्षिकोत्सव हो । उहाँको भ्रमणको दौरानमा उहाँले, "एक अर्कासंग मैत्रीपूर्ण व्यवहार गर्नु ! समधुर सम्बन्ध सिर्जना गर्नु ! र कोसेनरूफुको लागि गर्ने हाम्रो प्रयासलाई सफल पार्नको लागि एकचित्त दाइमोकु (सबैकुरालाई सकारात्मक दिशामा परिवर्तन गर्न सक्ने शक्ति) मा आधारित उद्देश्यमा एक्यबद्ध हुनु नै प्रेरणात्मक शक्ति हो भन्ने कुरामा जोड दिनुभयो ।

नोभेम्बर १८, २०१३ मा Great Vow for Kosenrufu को हलको निर्माण सम्पन्न भैसकेको छ, सम्पूर्ण सदस्यहरूको महान् शक्तिको आस्था र साधना द्वारा सोका गाक्काईले बुद्ध र धर्मको महान शक्ति प्रकट गरेको छ जसले हाम्रो संस्थाको स्थापनाको ८३ औं बार्षिकोत्सव विजय र उच्च जोशका साथ मनाउन समर्थ तुल्याएको छ । हल, एउटा त्यस्तो स्थान हो जहाँ हामीले शक्तिशाली "सिंहको गर्जन" कोसेनरूफुको लागि एउटै प्रतिज्ञाका साथ गुरू र शिष्यको ध्वनी नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्दछौं जुन ब्रम्हाण्डभरी र अनन्त भविष्यसम्म असीमितताका साथ गुञ्जिने छ ।

मैले सुनेको थिए कि, नेपाल एस.जि.आई. ले नेपालको शुदूर पूर्वमा अवस्थित पहाडी भेगको इलाममा डिष्ट्रिक्ट स्थापना गरेको थियो । जुन पूर्णतया एक जना महिला वर्गकी सदस्यले अरूको सुखको लागि यस बुद्धधर्मलाई बाँड्न अथक र साहसीक प्रयास गर्नुभयो । यसप्रकार, १९२ राष्ट्र र क्षेत्रमा अद्भूत धर्मको वैभवशाली प्रचार हुनु भनेको संसार भरीका महिला वर्गहरूको अत्यधिक संघर्षको निचोड हो ।

भविष्य सिर्जना गर्ने शक्ति पूर्ण रूपमा एस.जि.आई. को खजाना युवा र फ्यूचर वर्गमा निर्भर गर्दछ । तसर्थ, हामीले इमान्दारीतापूर्वक युवा पुस्तालाई हुर्काउनु र हौसला दिनु अत्यावश्यक छ । तिनीहरूलाई उनीहरूको पूर्ण सक्षमता उजागर गर्न मद्दत पुऱ्याएर हरेकलाई चम्किन दिनु पर्दछ । ती प्रयासहरू भनेको नै विश्व शान्ति प्राप्ति र मानवताको विकासमा टेवा पुऱ्याउनको लागि सक्षम लिडरहरू बनाउने कार्य समान हुन् । यसरी अरूलाई हुर्काउने हाम्रो प्रयासहरूबाट हामीले स्वयंलाई नै चम्काउनुका साथै आफ्नो विकास गरिराखेका हुन्छौं ।

हामी विश्वव्यापी कोसेनरूफुको नयाँ युगमा प्रवेश गरिसकेका छौं । भरिपूर्ण आशाका साथ, २०१५ र २०३० तर्फ नयाँ प्रस्थान गरौं । "हामी सबै एस.जि.आई. परिवारका दाजुभाई दिदीबहिनीहरू हौं । कृपया, तपाईहरू हरेक एकजना आ-आफ्नो समुदायहरूमा नमूना नागरीक बनेर सुमधुरताका साथ अगाडि बढ्नुस् । यो सेन्सेइले झण्डै २ दशक अगाडि दिनु भएको अनन्त मार्गदर्शन हो ।

शारीरिक रूपमा म तपाईहरू समक्ष उपस्थित हुन नसकेतापनि मेरो मन भने तपाईहरू संगै यस मंगलमय समारोहमा नै हुनेछ । म तपाईहरू सबैलाई हृदय देखि बधाई र शुभ कामना व्यक्त गर्दछु ।

योशिको कावामुरा
मानार्थ सल्लाहकार, नेपाल एस.जि.आई.



# गुरुले सही मार्ग हिड्न उत्प्रेरित गर्दछ

गुरू र शिष्यको सम्बन्ध भनेको बुद्धधर्मको मुटु हो । गुरू भनेको त्यस्तो व्यक्ति हो जसले कसैलाई कुनै पनि क्षेत्रमा विकास गर्न सघाऊ पुऱ्याउँछ, उसले त्यस व्यक्तिलाई सही बाटोमा हिड्न उत्प्रेरित गर्दछ र त्यस व्यक्तिको सुख दुःखमा साथ दिन्छ ।

शिष्य त्यस्तो व्यक्ति हो, जसले कुनै पनि क्षेत्रमा विकसित हुन चाहन्छ, उसले आफ्नो चाहना चाहे त्यो शैक्षिक होस् या त जीवनको सही मार्गमा हिड्ने उत्सुकता होस्, त्यसमा सही निर्देशन दिने व्यक्तिको खोजी गर्ने व्यक्ति हो ।

बुद्धधर्ममा गुरू र शिष्यको सम्बन्धलाई मुटु भनिन्छ किनभने मानव खुशी र विकासको लागि यस सम्बन्ध आधारभूत हुन आउँछ । त्यसैले यस सम्बन्ध गुरू र शिष्यको सामूहिक प्रतिज्ञा हो, जसले मानवहरूको खुशीको लागि कार्य गर्दछ र दुःखबाट मुक्त गराइ दिन्छ ।

बुद्धधर्मको सिद्धान्त त्यस्तो सिद्धान्त हो जसले हरेक व्यक्तिको शसक्तिकरण गर्न मद्दत गर्दछ । हामीलाई थाहा छ कि, हरेक मानिस भित्र असीमित क्षमता छ जसको कारण उसले जस्तोसुकै अवस्थामा पनि दुःखको स्रोतलाई पराजित गरेर विकास र शक्तिको स्रोतमा बदल्न सक्छ ।

यस कुरालाई सधैं गुरूले शिष्यलाई अवगत गराउँदछ । सधैं यस असीमित क्षमताको बारेमा सम्झाउने गर्दछ । गुरूकै प्रेरणाले शिष्यलाई सधैं असीमित साहस, विवेक, करूणा र सिर्जनशील शक्ति आफ्नो जीवनमा अवस्थित भएको जानकारी दिने कुरामा यो निरन्तरता दिन्छ ।

सोका गाककाई का तीन अध्यक्षहरूको सम्बन्धले नै यस संस्थाको विकासमा महत्वपूर्ण भूमिका रहेको छ । हरेक उत्तराधिकारी अध्यक्षले आफ्नो पूर्व अध्यक्षको संकल्पलाई पूर्ण हृदयले अपनाउनु भयो र विविध व्यक्तिहरूलाई शसक्त गर्नु भयो ।

इकेदा सेन्सेइ भन्नु हुन्छ, "गुरू र शिष्यको सम्बन्ध सियो र धागो जस्तै हो । गुरू सियो हो भने शिष्य धागो जस्तै हो । जब लुगा सिउँछौं, सियो अगाडि बढ्छ तर धागो कपडामा रहन्छ र कपडालाई जोड्छ । त्यस्तै गुरूले हामीलाई मार्ग देखाउँछ तर शिष्यले त्यसलाई पछ्याउँछ र सही मार्गमा रही सफल जीवन यापन गर्दछ ।

हाम्रो गुरू भनेको अहिले इकेदा सेन्सेइ हुनुहुन्छ । वहाँले देखाउनु भएको मार्गमा हिड्दा हामीहरूमा असीमित खुशी र आनन्द प्राप्त गर्दछौं । हामी शिष्यहरूले वहाँ प्रति गौरवान्वित हुंदै वहाँले दिनु भएको मार्गदर्शनहरूलाई साधना गर्दै आफ्नो र अरूको खुशीको लागि सदैव प्रयत्नशील हुनु जरूरी छ । अनि मात्र गुरू र शिष्यको सम्बन्ध गाढा हुन जान्छ ।



हिमाली शान्ति
सम्पादक

# विजय तर्फ

*दि न्यू ह्युमेन रिभोलुसनबाट उद्धृत गरिएका मार्गदर्शनहरू*

## परिचयः

*दि न्यु ह्युमेन रिभोलुसन, अध्याय ४ मा सन् १९६१ फेब्रुवरी १४ मा एस.जि.आई. का अध्यक्ष इकेदा एशियाली राष्ट्रहरूको भ्रमणबाट जापान फर्किनु भएको थियो । फर्किनु भएको दुई दिन पछि च्याप्टर उद्घाटन सभामा सहभागी हुन र सदस्यहरूलाई हौसला प्रदान गर्न देशभरि भ्रमण गनु भयो । यहाँ हामीले उहाँको केही मार्गदर्शनहरूलाई उद्धृत गरेका छौं ।*

## व्यवहार नै हाम्रो आस्थाको प्रतिविम्ब हो

*सन् १९६१, फेब्रुवरी १६ मा शिनइचि यामामोटोले एइचि प्रान्तको तोयोहाशि शहरमा सम्पन्न होजो च्याप्टरको उद्घाटन सभामा सहभागी हुनु भएको थियो । उहाँले सामान्य समझदारीका साथ आफूलाई प्रस्तुत गर्नुपर्ने कुराको महत्वलाई जोड दिनुभएको छ ।*

**बुद्धधर्म** भनेको कारणको उच्च अवस्था हो । यस बुद्धधर्ममा विश्वास गर्नेहरूले सदैव नम्र र होशियारीपूर्वक व्यवहार गर्नु पर्दछ । छलफल सभाको लागि सहृदय आफ्नो घर उपलब्ध गराउने सदस्यहरूको घरमा हुने सभामा सहभागी हुंदा घर धनीलाई असुविधा नहोस् भन्ने कुराको ख्याल राख्नु पर्छ । आफ्नै घर जस्तै आफ्नो खुशी स्वतन्त्र व्यवहार गर्नु ठीक हुंदैन ।

अरूलाई बुद्धधर्म परिचित गर्दा वा आस्थामा मार्गदर्शन दिंदा अशिष्ट र अपमानजनक भाषा प्रयोग गर्ने वा होच्याउने प्रबृत्तिबाट टाढा रहनु नै पर्दछ । रूखो र विचारहीन शब्दहरू वा कार्यहरूले सोका गाक्काईमा ठूलो असमझदारी सिर्जना गर्न सक्छ । यदि हामी गाक्काई सदस्यहरू भलाद्मि र सभ्य मानिसको रूपमा प्रतिष्ठा कमाउन सकेनौं भने मलाई लाग्छ हामीले आस्थाको उचित उदाहरण बनाउँदैछौं भन्न



सकिंदैन । "शिनइचि भन्नुहुन्छ कि, हरेक ब्यक्तिको जीवनमा गोहोन्जोन अवस्थित हुन्छ भन्नुहुंदै हरेकले उनीहरूको भित्री "खजाना स्तम्भ" लाई आस्था द्वारा उजागर गरि उच्च सुखी जीवन तर्फ डोऱ्याउनु सकिन्छ भन्ने कुरा अभिब्यक्त गर्दै आफ्नो मन्तब्य टुङग्याउनु भयो ।

उहाँले सामान्य समझदारीमा जोड दिने विचार त्यस विश्वासबाट जगायो की आस्थालाई गहिरो बनाएमा मानिसहरूले चरित्रलाई सिद्ध गर्ने तथा उत्कृष्ट विवेक र न्यायलाई विकास गर्न सक्छन् - जुन गुणले वरिपरि रहेकाहरूको आत्म विश्वास र भरोसा जित्न सक्छन् ।

*(इटरनल गंगेजको सम्पादकको नोटः च्याप्टर सभाको उद्घाटनमा सहभागी भैसकेपछि शिनइचलि प्रश्नहरू राख्न आग्रह गर्नुभयो । उहाँ विदेश भ्रमणबाट भर्खरै फर्किनु भएकोले धेरैंजसो प्रश्नहरू विश्वब्यापी कोसेनरूफुको बारेमा थिए । एकजना युवाले एउटा विश्व (worldism) मा अत्यन्त अमूर्त प्रश्न सोध्यो । यसको प्रतिक्रियामा शिनइचिले दैनिक संघर्षहरूको महत्वबारे जोड दिनु भयो ।)*

"महान भविष्य निर्माणको लागि तपाईको दैनिक संघर्षहरू महत्वपूर्ण हुन्छ । तपाई अहिले जहाँ हुनुहुन्छ त्यहाँ तपाईको ठोस आधारशीला बनाउनु पर्दछ । जीवन, यथेष्ट परिवर्तनशील परिस्थितीहरू हो । गाक्काईले पनि भविष्यमा दमनको सामना गर्न सक्छ । तर महत्वपूर्ण कुरा भनेको जस्तोसुकै भएतापनि कहिल्यै पछि नहल्नु र नभाग्नु हो । तपाई बाँचुञ्जेल, गाक्काई सदस्य भएकोमा सदैव गर्व गर्नुस् । तपाई कोसेनरूफुको लागि जिम्मेवारी वहन गर्ने कतिबद्ध धावक बन्नुस् न कि मूकदर्शक ।"

*(इटरनल गंगेजका सम्पादकको नोटः सेन्दाईको सिभिक् हलमा सम्पन्न भएको इशिनोमाकि र सेम्बोकु च्याप्टरको संयुक्त उद्घाटन सभामा, शिनइचिले "आस्था, दैनिक जीवनसंग सम्मत हुन्छ र बुद्धधर्म समाजसंग सम्मत हुन्छ भन्ने सिद्धान्तलाई उदृत गर्नुहुंदै साधारण समझदारीको महत्वबारे बोल्नुभयो ।)*

अन्ततः हामीले बुद्धधर्म साधना गर्छौ, ताकि हामीले आफ्नो आस्थालाई दैनिक जीवनमा प्रकट गर्न सक्छौं । यो न रित्तो सिद्धान्त हो, न त केवल हाम्रो मष्तिस्कलाई शिंचित गर्नको लागि हो । बुद्धधर्म दैनिक जीवनको लागि शिक्षा हो - यो श्री माकिगुचि र श्री तोदाको गहन दृष्टिकोण हो । बुद्धधर्म भनेको जीवन यापनमा महान मूल्य सिर्जना गर्ने आधारभूत शिक्षा हो ।

निचिरेन दाइशोनिन भन्नुहुन्छ, "सम्पूर्ण घटनाहरू बौद्ध दर्शनको प्रकट हो ।" *(The Unanimous declaration by the Buddhas.... upheld, WND-2, 841)* । समसामयिक रूपमा भन्ने हो भने हामीले यसलाई "आस्था, दैनिक जीवनमा प्रकट हुन्छ" भन्ने कुरा अभिब्यक्त गर्छौं । मानव र समाजको सदस्यको रूपमा हाम्रो कार्यहरू अरूलाई स्वीकार्य हुनुपर्छ । यसर्थ, महत्वपूर्ण कुरा भनेको साधारण समझदारी हो । यदि तपाई अनुत्तरदायी वा अशिष्ट ब्यवहार गर्नुभयो भने अरूले आलोचना गर्नेछन्, तपाईले आस्था साधना गरिरहेको छ भन्दैमा तपाईले जेसुकै गर्न सक्नु हुन्छ भन्ने भ्रममा रहनु भनेको तपाईले धर्मलाई होच्याइरहनु भएको छ ।

"जसरी चरा र माछाले आफ्नै नैसर्गिक मार्गमा लागे जस्तै मानव जातिले पनि मार्ग अनुसरण गर्छन् । मानव जातिको सर्वोत्कृष्ट मार्ग भनेको बुद्धधर्म हो । निचिरेन दाइशोनिन लेख्नुहुन्छ, "यस संसारमा शिक्षाको मालिक शाक्यमुनि बुद्धको प्रकट हुनुको उद्देश्य मानव रूपमा ब्यवहार गर्नु हो ।



*(The three kinds of Treasure, WND-1, 852)* अन्ततः बुद्धको बोधिज्ञान, दैनिक जीवनको वास्तविकताको दृष्टिकोण अनुरुप गर्ने कार्य र व्यवहारमा पनि झल्किन्छ । बुद्धको अर्को नाम “संसारको नायक” को रूपमा चिनिन्छ । *(LS2, 24)* बौद्ध धर्मका साधकहरुले उत्कृष्ट चरित्र र समाजमा अद्वितीय साधारण समझदारी लगाउन प्रयत्न गर्नु नै पर्दछ ।”

बौद्ध धर्मावलम्वीको रूपमा यस साधनालाई परिचित गर्न चाहने व्यक्तिहरुको सुखको बारेमा ख्याल राख्नु स्वभाविक हो तर तपाईको कार्य सदैव साधारण समझदारीमा आधारित हुनु पर्दछ । तपाईले विवेक लगाउनु पर्दछ । यदि तपाईले अविवेकी भई व्यवहार गर्नुभयो भने, जतिसुकै उत्कृष्ट कुरा तपाईले भन्नु भएतापनि, तपाईले अरूलाई बुझाउन वा उनीहरूको हृदय छुन सक्नु हुन्न । यद्यपि, तपाईले भनिरहेको कुरा सही छ भन्ने तर्कसंगत भएतापनि, सोका गाक्काई प्रति उनीहरूको वितृष्णाले त्यस कुरालाई फितलो बनाउनेछ । यो मानव प्रकृति हो ।

त्यसकारण हामी सबैले आफ्नो विवेकलाई निखार्ने र चरित्रलाई चम्काउनु महत्वपूर्ण छ जसले उच्च साधारण समझदारीको व्यक्ति बनाउँछ जसलाई सबैले आदर गर्नेछ । (इटरनल गंगेजको सम्पादकको नोटः यस उद्घाटन सभामा प्रमुख हलमा भरिएका सदस्यहरू बाहेक त्यही भवनका अन्य स-साना तीनवटा सभा कक्षहरुमा पनि सदस्यहरू भेला भएका थिए । उनीहरुले शिनइचिले भनिरहेको कुराहरू सपिकरबाट सुनिरहेका थिए । सदस्यहरुको सुखको गहिरो ख्याल राख्दै र उनीहरू सबैलाई हौसला दिने चाहना स्वरूप केवल छोटो नै भएतापनि शिनइचिले हरेक कक्षमा जानुभयो र विभिन्न वर्गहरूलाई छोटकरीमा मार्गदर्शन दिनु भयो । महिला वर्गको लागि उहाँले भन्नुभयो ।)

महिला वर्गका सदस्यहरूलाई म भन्न चाहन्छु कि तपाईहरू सबैजना अद्‌भूत धर्मको प्रज्ज्वलित प्रकाशमा उच्च व्यक्तित्वका साथ सुन्दर भएर चम्कनुस्, आफ्नो श्रीमान र बच्चाहरू प्रति सदैव नम्र र न्यानो बन्नुस्, र आस्थामा सदैव सहृदय प्रयत्न गर्नुस् । तपाईहरुले गलत शिक्षाको विरूद्ध दृढताका साथ लड्न पनि आग्रह गर्दछु ।

तर म यति निश्चित गर्न चाहन्छु कि, ती दुई भिन्न स्थितिहरूमा नअल्मलिनुस् । शिनइचिले ठट्टालु भावमा भन्नुभयो, यदि तपाईले आफ्नो श्रीमान र बच्चाहरू प्रति कडा हुनु भएर रीसाहा राक्षस जस्तो व्यवहार गर्नुभयो वा यदि तपाईले मनपरी ढंगबाट आस्था, साधना गर्नुभयो भने तपाई मात्र नभई तपाई वरिपरिका सबैजना दुःखी हुनेछन् ।”

*(इटरनल गंगेजको सम्पादकको नोटः त्यहि सभामा शिनइचिले पुरुष वर्गका सदस्यहरूलाई पनि सम्बोधन गर्नुभयो ।)*

“पुरुष वर्गका सदस्यहरूको रूपमा कृपया कडा मेहेनत गर्नुस्, यसर्थ कि, तपाईले आफ्नो श्रीमतीलाई आरामको जीवन दिन सकोस् र त्यस्तो जीवनावस्था विकास गर्न प्रयत्न गर्नुस् जहाँ तपाईले कहिलेकाँही उनीलाई जगेडा पैसा दिन



सकोस् र भन्नुस् कि, "लेऊ, यो पैसाले यो बुद्धधर्म फैलाउन केही समयको लागि तिमी किन भारत जाँदैनौं अथवा जाऊ ! अमेरिकाका सदस्यहरूलाई हौसला गर्न जाऊ ।

पुरूष वर्गका लागि अर्को एउटा कुराः कृपया, श्रीमतीले तपाईलाई भन्नु भन्दा आफ्नै स्व इच्छाले गोंग्यो गर्न कोशिस गर्नुस् ।

यसो भनिसकेपछि सभा हलमा ठूलो हाँसोले गुञ्जिएको थियो ।

चाहे जस्तोसुकै अवस्था आएतापनि कृपया, गोहोन्जोनलाई जीवनभर अंगाल्नुस् । यति कुरा म भन्न चाहन्छु । यदि तपाईले यो कुरा संझिनु भयो भने तपाईले अरू सबै कुरा विसर्न सक्नु हुन्छ । तपाईहरू सबैलाई शुभकामना छ !

***

# एकता

*अर्को च्याप्टर सभाको उद्घाटनमा सहभागी हुन ओदाते भ्रमण गर्दै गर्दा, शिनइचि ओमोरि स्टेशनमा झर्नुभयो जहाँ उहाँले स्थानिय ओमोरि च्याप्टरबाट आएका सदस्यहरूलाई भेट्नु भयो । एक्यबद्धताका साथ उहाँलाई अभिवादन गर्ने वित्तिकै शिनइचिले सन् १९५८ नोभेम्बरमा ओमोरिमा भ्रमण गर्दाको समय सम्झिनु भयो । त्यसबेला उहाँले नव नियुक्त लिडरहरूसंग एकताको महत्वको बारेमा जोड दिनु भएको थियो ।*

**ओमोरि** प्रान्तले विविद्यता भन्ने शब्दलाई उत्कृष्ट रूपले वर्णन गर्नुभएको छ । सामन्ती समय देखि शुरूगा र नाम्बु भन्ने दुईवटा शक्तिशाली प्रदेशमा विभाजित भएको थियो जसलाई एक अर्कावीच प्रतिद्वन्दी र प्रमुख शत्रुको रूपमा मानिन्थ्यो । सरदार तोयोटोमी हिडेयोशिको प्रतिष्ठा बढिरहेको समयमा नाम्बु वंशको सैनिक कमाण्डर जसले चुगारू वंशको स्थापना गरेको थियो । नव स्थापना भएको नाम्बु वंशका वासिन्दाहरूले पुराना बासिन्दाहरूलाई दुश्मनीको रूपमा हेर्दथे जुन वर्तमान सम्म पनि केही अंशमा रहिरहेको छ ।

सकारात्मक प्रतियोगिताले बृद्धिको लागि प्रेरणा दिन सक्छ । तर भावुक प्रतिद्वन्दीले केवल कोसेनरूफुको लागि संस्थाको विनाश तर्फ डोऱ्याउन सक्छ । फलस्वरूप, ओमोरिको भविष्यको विकासका क्रियाकलापहरूको पूर्णतया नयाँ ओमोरि च्याप्टरको सफलतामा निर्भर छ जहाँ ओमोरिको विभिन्न भागहरूबाट सदस्यहरू एकजुट भएर एक अर्कालाई सकारात्मक तरिकाले प्रोत्साहन र चुनौती दिइरहेका छन् कि छैनन् भन्ने कुरामा निर्भर गर्दछ ।



शिनइचिले नव च्याप्टर लिडरको अनौपचारिक घोषणा गरिसकेपछि उहाँले भन्नुभयो, “लामो समयसम्म सभामा बसिरहेकोले तपाईहरू सबै थकित देखिएको जस्तो छ, त्यसैले म श्री कानेकी *(इटरनल गंगेजको सम्पादकको नोटः उहाँ च्याप्टर प्रमुख हुनुहुन्छ)* र भविष्यका डिष्ट्रिक्ट प्रमुखहरूलाई उठेर अगाडि आउन अनुरोध गर्न चाहन्छु ।”

टाद्वाशी कानेकी र अन्य ८ जना पुरूषहरू अगाडि उभिए । त्यसपछि, शिनइचिले भन्नुभयोः “ल ! अब तपाईहरूले श्री कानेकीलाई वीचमा राखेर घेरा बनाउनुस् र तपाईहरूको पाखुरा तपाई संगै उभिएको ब्यक्तिको काँधमा राख्नुस् ।”

अलमल्ल पर्दै, सबै जना कानेकीलाई वीचमा राखेर घेरा बनाउन उभिए ।

त्यस कक्षका अरू सदस्यहरूको आँखा चम्किला थिए, अब के हुन लाग्यो होला भनेर छक्क पर्दै सबैजना आशामुखि भएर हेरिरहेका थिए ।

“तपाईले भन्न खोज्नुभएको यस्तो हो ?” घेराबाट एकजना पुरूषले सोध्यो, यसर्थ कि, उहाँले भन्नुभएको जस्तो उनीहरूले अनुसरण गरे कि गरेनन् भन्ने जाँच्न ।

“हो, त्यो ठीक छ । कृपया, तपाईहरू सबैले यस दृष्यलाई सदैव सम्झनुस् भन्ने म चाहन्छु । यो एकताको उद्वहरण हो जसलाई ओमोरि च्याप्टरले लक्षित गर्नु पर्दछ । यदि ८ जना डिष्ट्रिक्टका लिडरहरूले च्याप्टर प्रमुखको वरिपरि दृढ भई एकताका साथ उभिएमा कसैले पनि तपाईहरूलाई तोड्ने छैन । जबकि, यदि यो घेरा फुटेर ८ डिष्ट्रिक्ट लिडरहरू विच्छेद भएर एक अर्कासंग तालमेल भएन भने तुरून्तै अलपत्र र लथालिंग हुनेछ । एकता भनेको शक्ति हो ।

तपाईहरू मध्ये डिष्ट्रिक्ट लिडर बन्नुहुनेहरूले कृपया च्याप्टर लिडरहरूलाई संरक्षण गर्न अत्यधिक साथ दिनुस् । कृपया, च्याप्टर लिडरको रूपमा श्री कानेकीले डिष्ट्रिक्ट लिडरहरूलाई सघाउन र च्याप्टरका सम्पूर्ण सदस्यहरूको सुखको लागि कार्य गर्न तपाईले सक्दो सबैकुरा गर्नुस् । यदि तपाईले सदस्यहरूलाई संरक्षण गर्नुभयो भने यसको बदला तपाई आफै सुरक्षित हुनुहुनेछ । यो बुद्धधर्मको कारण र असरको नियम हो ।

सोका गाक्काई एउटा त्यस्तो संस्था हो जसले बुद्धको इच्छा र आदेशको उद्देश्यलाई अंगालेको छ । यदि तपाई आफू भावुकतामा वहेर संस्थाको सुमधुर एकतालाई खल्बलाउँदै झगडा गर्नुभयो भने त्यसको नतिजा तपाईको सजायँ अत्यन्त कडा हुनेछ । त्यसकारण, भविष्यमा जेसुकै भएतापनि, कृपया, यस घेरालाई कहिल्यै नविर्सनुस् र आफूलाई आस्थामा आधारित बनाएर एकतालाई सर्वप्रथम अगाडि राख्दै ओमोरिलाई जापानको सबैभन्दा न्यानो र सुमधुर च्याप्टर बनाउनुस् ।

सदस्यहरूले सहृदय स्वीकारे । त्यहाँ उपस्थित सबैजनाले बौद्धिक रूपमा एकता महत्वपूर्ण छ भन्ने कुरा थाहा थियो तर शिनइचिले यस तथ्यलाई उनीहरूको जीवनमा गहिरोसंग हृदयंगम गराउन चाहनु हुन्थ्यो ।

# महिला वर्गको १८ औं साधारण सभा

"सुमधुर परिवारको लागि हर्षले भरिपूर्ण आस्था" नारा बोकी यस वर्ष नेपाल एस.जि.आई. को महिला वर्गको सदस्यहरुले आफ्नो १८ औं साधारण सभा सम्पन्न गरेको छ । करीब ६० जना महिला सदस्यहरूको सहभागीता रहेको उक्त सभामा सदस्यहरुले आफ्ना केही साथी र परिवारका सदस्यहरुलाई पनि आमन्त्रण गरेका थिए ।

बिहान सबेरै थालिएको उक्त सभामा "बिहान कति रमाईलो हेर" भन्ने गीतले उपस्थित सम्पूर्णलाई स्वागत गरिएको थियो । "महिलाहरू भनेको परिवारको सूर्य हुन्" र सुमधुर परिवार निर्माणमा महिलाको साथै हर्षले भरिपूर्ण आस्थाको अहंम भूमिका हुने कुरामा जोड दिनु हुंदै महिला वर्गका उप प्रमुख रमिता बज्राचार्यले स्वागत मन्तब्यमा सबैलाई आफ्नो उच्च जीवनावस्था कायम राख्न र आस्थालाई अझै गहिरो बनाउन आग्रह गर्नु भयो ।



स्वागत गीत गाउँदै महिला वर्गका सदस्यहरू

कोसेनरूफुको लागि गरेका सबै कठिनाईहरू सौभाग्य र लाभहरूमा रूपान्तरण हुनेछन् । बुद्धधर्ममा गरेका कुनै पनि प्रयासहरू खेर जाने छैनन् र दृढ आस्था भएका मानिसहरूको जीवन महान् लाभहरूले सुशोभित हुने छन् भन्ने हौसलावर्दक मार्गदर्शन एस.जि.आई. का अध्यक्ष दाइसाकु इकेदाले आफ्नो सन्देशमा ब्यक्त गर्नु भएको थियो । सन्देशमा, यसै जीवनकालमा सबै किसिमका कर्मसंग लड्न, विजयी बन्न र बुद्धत्व प्राप्त गर्नको लागि आस्था मजबुत हुनु पर्ने गुरू जोसेइ तोदाको मार्गदर्शनलाई पनि उल्लेख गर्नु भएको थियो । जीवनका उकाली ओराली र यस जटिल समाजमा विद्यमान रहेका थुप्रै समस्याहरू माथि धैर्यतापूर्वक सदा प्रयत्नशील भई आस्थामा आधारित भएर विजयी बन्न अध्यक्ष इकेदाले हौसला प्रदान गर्नु भएको थियो । *(सन्देशको पूरा अंशको लागि पृष्ठ २ मा हेर्नुहोस् ।)* गुरूको यस हौसलावर्दक सन्देशलाई महिला वर्गका उप प्रमुख लक्ष्मी बज्राचार्यले पढेर सुनाउनु भएको थियो । सन्देशको क्रमलाई निरन्तरता दिंदै, नेपाल एस.जि.आई. का मानार्थ सल्लाहकार योशिको कावामुराको सन्देशलाई भने श्रीमती विजया श्रेष्ठले पढेर सुनाउनु भएको थियो । सन्देशमा, सुन्दर भविष्य निर्माणको अभिभारा बोकेका एस.जि.आई. को खजाना युवा र फ्यूचर वर्गलाई इमान्दारीतापूर्वक हुर्काउनु र हौसला प्रदान गर्नु अत्यावश्यक रहेको कुरा उल्लेख गर्नु हुंदै उनले महिला वर्गले गर्ने निष्कपट प्रयासहरूले नै विश्व शान्ति प्राप्ति र मानवताको विकासमा टेवा पुग्ने कुरा बताउनु भयो । यसरी अरूलाई हुर्काउन गरिने प्रयासहरूबाट हामीले स्वयंलाई नै चम्काउनुका साथै आफ्नो विकास गरिराखेका हुन्छौं उनले भन्नुभयो ।

निचिरेन दाइशोनिनको बुद्धधर्मको साधनाको वास्तविक प्रमाण भन्नु नै सदस्यहरूले आस्थाको साधनाद्वारा जीवनमा सुख प्राप्त गर्नु र जीवनलाई उच्च जीवनावस्थामा रूपान्तरण गर्नु हो । महिला सदस्यहरूको साहसिक र अटुट बौद्ध अभ्यासको प्रतिफल स्वरूप जीवनमा पाएका विजयका अनुभवहरूलाई उनीहरूले सुनाएका थिए । समस्या वा दुःखले मात्र मानिसको जीवनमा उच्च जीवनावस्था हासिल हुन्छ भन्ने बुझेर त्यही अनुरूप प्रार्थना गर्दा आफूले नसोचेको समस्याहरू आइपर्दा केही क्षण विचलित भएता पनि त्यसले जीवनलाई बुझ्न सहयोग पुगेको अनुभव महिला वर्गका उप प्रमुख कान्ता रिजालले सुनाउनु भएको थियो । यसैगरि स्वास्थ्य सम्बन्धि अनुभव सुनाउने क्रममा उर्मिला श्रेष्ठ, विमला श्रेष्ठ र हसिना डंगोल विश्वकर्माले यस निचिरेन दाइशोनिनको बुद्धधर्मको साधना द्वारा आफूमा आत्म विश्वास बढेको र जस्तोसुकै अवस्थामा पनि निरन्तर अगाडि बढ्ने भावनालाई आत्मसाथ गर्दै आ आफ्नो स्वास्थ्य सम्बन्धी समस्याको समाधान गर्न सफल भएको अनुभव सुनाएका थिए । उपचार पश्चात नयाँ जीवन पाएको अनुभव गरेका यी सदस्यहरूले आफ्नो नयाँ जीवन कोसेनरूफुमा समर्पित गर्ने संकल्प पनि व्यक्त गरेका थिए । यसै गरि आफ्नो घरमा गरगहनाको चोरीबाट दुखी हुनुका साथै आफ्नो घरमा सघाउन बसेकी बहिनी माथि अन्य व्यक्तिको शंकाबाट चिन्तित भएकी जली प्रधानले सत्य तथ्य पत्ता लागोस् भनेर इमान्दारीताका साथ अटुट प्रार्थना गर्दा ३ महिना भित्र चोर सहित आफ्नो सम्पूर्ण गरगहना पाएको सुखद समाचार सुनाएकी थिइन् । उनले हर्षका साथै गोहोन्जोन प्रति कृतज्ञ हुंदै घरमा सघाउन बसेकी बहिनीको इमान्दारीता अर्थात निर्दोष रहेको सावित गर्न पाएकोमा अझ धेरै खुशी भएको कुरा बताउनु भयो ।





कान्ता रिजाल र जली प्रधानले एक साता अघि पोखरा र इलाममा सम्पन्न भएको सफल महिला वर्गको सभा सम्बन्धि जानकारी पनि गराएका थिए । उक्त सभामा महिला वर्गको हर्षोल्लासपूर्ण सहभागिता र जिज्ञासु भावनाको चर्चा उनीहरूले गरेका थिए भने निरन्तर अन्य क्रियाकलापहरू संचालन गर्नु पर्ने कुरामा पनि जोड दिएका थिए ।

महिला वर्गका प्रमुख उज्ज्वल नयन रंजितले यस वर्षको संकल्पहरू सुनाउनु भयो जसमाः १) यस दर्शनलाई बढी भन्दा बढी मानिसहरूमा फैलाउने । २) अध्ययन सभालाई निरन्तरता दिने । ३) महिला वर्गका सदस्यहरूले खाइकानमा मासिक सफाई कार्यक्रम संचालन गर्ने ।

नेपाल एस.जि.आई. का जनरल महिला वर्गका प्रमुख विमा सिंहले सुख भन्ने कुरा अरू कसैले दिएर हुने नभई आफैले सिर्जना गर्नुपर्छ तसर्थ सबैकुरा तपाईले कसरी लिनुहुन्छ भन्ने कुरामा निर्भर गर्दछ भन्नुभयो । तसर्थ, आफूलाई सुख तर्फ डोऱ्याउने मुख्य आधार भनेको आफ्नो कमजोरीहरू माथि सर्वप्रथम विजय हासिल गर्नु हो ।

अन्त्यमा, नेपाल एस.जि.आई. का भाईस जनरल डाइरेक्टर अञ्जली बस्नेतले आमाहरू भनेको परिवारको आधारशीला हुन् तसर्थ, सदैव प्रार्थनालाई प्रथम प्राथमिकता दिंदै विवेकशील, सहनशील र कर्तव्यनिष्ठ भई अनन्त विजयको पथमा लम्कौं भन्दै उपस्थित सम्पूर्ण महिला वर्गका सदस्यहरूलाई हौसला दिनुभयो । सभाको अन्त्यमा महिला वर्गका सदस्यहरू लगायत विद्यार्थी वर्गका सदस्यहरूले साँस्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

# फर्काउन सकुँ तिम्रो रूप



श्री राजन विक्रम थापा
पुरुष वर्ग

पहिलो पटक भेट्दा तिमीलाइ
हट्नै सकेको थिएन नजर
कलकल गर्दै शान्त वेगमा
बगिरहेकी तिमी देख्दा
खुशीले पागल भएथे म ।
अञ्जुलीमा उठाएर
तिमीलाई शीरमा चढाउँदा
गर्वले उचालिन्थ्या मन

आरध्यदेवको पाउ चुम्दै
पवित्रताको सन्देश बोकी
नशाको रगत झैं
जीवनदाता लाग्ने तिमी
मैले आफ्नो अनुहार हेर्न
ऐना बोकिएन त्यतिवेला
तिम्रो स्वच्छताभित्र
हेरिरहन्थे आफ्नो मुहार
तिम्रो सुन्दरतासँगै
अझै सुन्दर महसुस गर्थे म ।
खै कसरी लाग्यो ग्रहण
चन्द्ररूपी तिम्रो मुहारमा

हामीले नै पोत्यौ कालो रंग
घोल्यौं दुगर्न्धको घोल
र पनि तिमी मुक भई हेरिरहयौं
आज तिम्रै समीप मेरा सन्तान
नाक थुन्दै हिंडेको कसरी हेरू म ?
तिम्रो पवित्रतामा शंका
तिम्रो उपस्थितिको चिन्ता
कसरी सहुँ म ?
सक्दिन म अरू तिम्रो दुर्दशा हेर्न
चाहन्छु म तिम्रो चोला फेर्न
त्यसैले बुद्ध आत्माको खोजी गर्दै
शान्ति र संस्कृतिको मार्गमा हिडिरहँदा
आज पवित्र मनहरूको बगैंचा
चढाउदैछौ तिम्रो चरणमा
र संकल्प गर्छौ
हजारौ बुद्ध मनहरू रोपिनेछन्
यो सुन्दर बगैचामा
तिम्रो पहिला कै रूप फर्काउन
अनि तिम्रो स्वच्छतामा
हाम्रा सन्तानहरूको सुन्दर मुहार हेर्न ।



बागमती सफाईको महा-अभियान अन्तर्गत नेपाल एस.जि.आई. ले निर्माण गरेको लोटसबारी

## बागमती सफाईको कार्यतालिका

| मिति | डिष्ट्रिक्ट | समय |
|---|---|---|
| भदौ ७ (अगष्ट २३) | धौलागिरी र अन्नपूर्ण | ७:०० विहान |
| भदौ २८ (सेप्टेम्बर १३) | कन्चनजंघा र मनाश्लु | ७:०० विहान |
| असोज ४ (सेप्टेम्बर २०) | हिमचुली र जुगल | ७:०० विहान |
| असोज ११ (सेप्टेम्बर २७) | निलगिरी र आमादब्लम | ७:०० विहान |

# सुखी घर निर्माण

## घरायसी खर्च व्यवस्थापन

हामी ओमोरि स्टेशनको नजिकै हुँदा एक दिन मेरो श्रीमानले मेरो लागि केही लुगाहरू किनिदिन्छु भन्नुभयो । उहाँले यस्तो भन्नुभएको पहिलो पटक थियो । उहाँले "यो लिउ, त्यो लिउ र त्यो पनि लिउ," भन्दै पूरै समय ब्लाउजहरू उठाउनुभयो ।

म अलि राम्रो नराम्रो छुट्याएर किन्न मनपराउँछु किनभने मलाई थाहा थियो की उहाँको पर्समा कति पैसा छ, त्यसकारण मैले उहाँलाई भने, "एउटा भए पुग्छ ।"

उहाँले मलाई हेर्नुभयो र भन्नुभयो, "तिमी त्यति खुशी देखिदैनौं !" (यो कुरा सम्झदै कानेको हाँस्नु भयो )

घरपरिवारको खर्च मिलाउने भनेको अत्यन्त चुनौतीपूर्ण कार्य हो र अहिलेको समय संभवत एकदम कठिन छ । घरपरिवारको बन्दोबस्तो मिलाउने पहिलो नियम भनेको घरको चीजहरूलाई मूल्यवान ठानेर कहिल्यै खेर नफाल्नु हो । हामीले एक सीता भात पनि खेर फालेनौं । मैले कहिल्यै बाँकि रहेका खानेकुराहरू फालिन बरू भोलिको खानामा कसरि समावेश गर्ने भनेर मिलाउँथे ।

## श्रीमती इकेदाले आफ्नो बच्चाहरूसंग कसरी व्यवहार गर्नुहुन्थ्यो

मेरो तेश्रो छोरा, ताकाहिरो अप्रिल ११, १९५८ मा जन्मिएपछि मसंग तीन जना हुर्कदै गरेका छोराहरू भए । मेरो जेठो छोरा, दूरदर्शी, नीतिमान्, राजनीतिक विद्वान खालको थियो । माइला छोरा उसको कक्षामा साह्रै मोटो थियो र उसलाई सबैले "ताइहो" *(Taiho)* भनेर बोलाउँथे, जो प्रसिद्ध सुमो पहलमान थिए । कान्छा छोरा आमाको प्यारो थियो ऊ साह्रै फुर्तिलो र छिटो-छरितो भएकोले उसलाई "मिनीट्याङ्क" *(Minitank)* भनेर बोलाइन्थ्यो । बर्षभरि नै "वाम!" "थुड!" भन्ने तथा अन्य आवाजहरू त्यस घरबाट सुन्न सकिन्थ्यो ।

साँझमा तीन दाजुभाईहरू संगै नुहाउन मनपराउँथे । उनीहरूले झगडा गरेर दुई पटक काठको बाथटब *(bath-tub)* को पींध नै भाँचे । मेरो श्रीमानले उहाँको निबन्ध, "समुन्द्रका छोराहरू" मा उनीहरूले (छोराहरूले) आफ्नो मर्यादामा बाँच्नु आवश्यक छ भन्ने धारणा प्रकट गर्नुभएको ।

श्रीमती इकेदाले कसरी आफ्नो बच्चाहरूसंग व्यवहार गर्नुभयो भन्ने सम्बन्धमा, इकेदाको घरको नजिकैको

सोका गाक्काई सामूदायिक केन्द्रका प्रमुखले छोटो घटनाको वर्णन गर्नुभएको छ : "ताकाहिरो सानो छँदा, एकदिन श्रीमती इकेदा सभाको लागि निस्कन लाग्दा एक्कासी रोयो । उसले प्राय यस्तो गर्ने थिएन तर त्यो दिन उसलाई असहज महशुस भएको हुनुपर्दछ । दुई दिन पछि, मैले श्रीमती इकेदालाई ताकाहिरोसंग कुरा गरिराखेको देखे । उहाँहरू कुनै निर्णयको फाइदा र वेफाइदाको बारेमा छलफल गरिराखेका थिए । यद्यपि, मैले पूरै कुराकानीको सार बुझ्न सकिनं तर श्रीमती इकेदाले आफ्नो बच्चालाई एक व्यक्ति र समझदार व्यक्तिको रूपमा आदर दिएर कुराकानी गरेको देखेर म अति प्रभावित भएँ । उहाँले सधैं ताकाहिरोसंग यस्तै तरिकाले बोल्नुहुन्छ ।



## सधैं मुस्कान पहिरिने

बच्चाहरू सानो छँदा, आफ्नो बुबा घर फर्केपछि उनीहरूलाई मैले ध्यान दिइराखोस् भन्ने हुँदैनथ्यो । मेरो श्रीमानको व्यस्त तालिकाको बारेमा म पूर्ण सचेत हुन्थे र उहाँलाई भरसक आराम मिलोस भनी सक्दो प्रयास गर्थे ।

जस्तो कि म बच्चाबेला हाम्रो परिवारको अतिथिसत्कार, हाम्रो विहान र बेलुकाको प्रार्थना इमान्दारीतापूर्वक गरेर गर्‍यौं । मेरो श्रीमान घरमा हुदा, हामी सपरिवारको रूपमा प्रार्थना गर्‍यौ । जब उहाँ बाहिर जानुहुन्छ, त्यतिबेला मैले नेतृत्व गर्थे । मेरो श्रीमानको प्रार्थनालाई हेरेर मैले विहान र बेलुकाको प्रार्थनाको महत्व थाहा पाउनुका साथै धेरै कुरा पनि सिकें ।

त्यस्तैगरि, यदि प्रार्थनाको सम्बन्धमा म अलि बढी नै कडा भइदिएको भए शायद बच्चाहरूले यस साधनालाई मनपराउँदैन थिए । मेरो श्रीमान भन्नु हुन्छ यो सबै आमाको आस्थामा भर पर्दछ । हामी प्रचलनअनुसार प्रार्थना गर्न विहान ७ बजे भेला हुन्थ्यौं । यदि एकजना बच्चा आएन भने पनि मैले घण्टी बजाउँथें र "विहानको प्रार्थना गर्ने समय भयो" भनेर बोलाउँथे । यद्यपि, कहिलेकाँही एक न एक जना बच्चा अबेरसम्म सुत्थ्यो र विहान प्रार्थना नगरिकनै घरबाट जानुपर्थ्यो । विद्यालय जानु प्रतिपरिणामदायी हुनेछ भन्ने मलाई लागेको कुरा उनीहरूलाई सम्झाउँथे । सर्वप्रथम बच्चाहरूलाई विहान मुस्कुराएर र रमाईलो कुराकानीका साथ बाहिर पठाउनु अति उत्तम हुन्छ ।

श्री तोदाले, मेरो श्रीमानलाई आदर गर्ने र बाहिर पठाउने बेलामा सधैं मुस्कुराएर पठाउनु भन्नुभएको थियो र मलाई लाग्छ उहाँको यो सल्लाह बच्चाहरूमा पनि लागू हुन्छ । विशेषगरि, केटा बच्चाहरूको लागि किनभने उनीहरू अक्सर रिसाहा र अभिमानि स्वभावका हुन्छन् । श्री तोदाले "तिमीलाई जतिसुकै नराम्रो लागेतापनि अनुहारमा मुस्कान पहिरिनु ।" भनेर सल्लाह दिनुभएको थियो ।



श्री तोदाले, मेरो श्रीमानलाई आदर गर्ने र बाहिर पठाउने बेलामा सधैं मुस्कुराएर पठाउनु भन्नुभएको थियो र मलाई लाग्छ उहाँको यो सल्लाह बच्चाहरूमा पनि लागू हुन्छ । विशेषगरि, केटा बच्चाहरूको लागि किनभने उनीहरू अक्सर रिसाहा र अभिमानि स्वभावका हुन्छन् । श्री तोदाले "तिमीलाई जतिसुकै नराम्रो लागेतापनि अनुहारमा मुस्कान पहिरिनु ।" भनेर सल्लाह दिनुभएको थियो ।

## जीवन देखि जीवनको आधारमा सम्बन्ध स्थापना गर्नु

यदि कुनै कारणवश, कुनै एकजना बच्चाले विहानको प्रार्थना गर्न सम्भव भएन भने म उसलाई भन्थे : "चिन्ता नगर । म तिम्रो लागि प्रार्थना गर्छु ।" यो राम्रो कुरा सावित भयो ।

एकपटक ताकाहिरो माध्यामिक विद्यालयमा हुँदा उसले अन्तरिक्ष क्लवबाट ताराहरू हेर्न ओगासावारा जाने योजना बनाएको थियो । त्यहि दिन सोका गाक्काईको फ्यूचर वर्ग (माध्यामिक विद्यालयका बच्चाहरूको समूह) को सभा पऱ्यो । मैले उसलाई त्यस सभामा सहभागी हुनैपर्छ भने । ताकाहिरोले त्यतिबेला सम्म उनीहरू फर्किन सक्दैनन् होला भनेर आग्रह गऱ्यो, किनभने ऊ र उसको साथीहरूले योजना बनाएको यात्रा लामो समयको लागि थियो । मैले मेरो श्रीमानसंग सल्लाह गरे, उहाँले सल्लाह दिनुभयो : "आस्था भनेको जीवनभरको लागि हो, त्यसैले यसपटक उसलाई ओगासावारा पठाउनु नै उचित हुँदैन र ? अन्ततः सबैभन्दा महत्वपूर्ण कुरा उसले साधनालाई निरन्तरता दिनु हो ।"

> गोंग्यो (सद्धर्मपुण्डरीक सुत्रको केही भाग पाठ गर्ने ) अभ्यास गर्ने सन्दर्भमा श्रीमती इकेदाले भन्नुभयो : यदि तपाईको बच्चालाई मन छैन भने उसलाई कर गरेर प्रार्थना गर्न लगाउनु हुँदैन । बरू बच्चालाई स्वभाविक रूपमा हुर्कन र विकास हुन मद्दत गर्नुस् ।

उहाँले यस्तो भनिसकेपछि मलाई आनन्द महशुस भयो ।

कोवायासिचो का दिनहरूमा, श्रीमती इकेदासंग सोका गाक्काईका क्रियाकलापहरूमा सहभागी भएका महिलाले श्रीमती इकेदा र उनको बच्चाको बारेमा हामीलाई यसो भन्नुभयो :

"श्रीमती इकेदा अक्सर भन्नुहुन्थयो : "सबैभन्दा पहिला आमाले आफ्नो बच्चाको लागि इमान्दारीतापूर्वक प्रार्थना गर्नुपर्दछ । सभाहरू भनेको शैक्षिक स्थल हुन् त्यसैले बच्चाहरूलाई विना हिचकिचाहत सभाहरूमा लिएर जानुस् ।

"म उहाँको जेठो छोराको अनुहार कहिल्यै भूल्न सक्दिन जो श्रीमती इकेदाले निचिरेनका लेखहरूको बारेमा बोल्दै गर्दा चुपलागेर उनी संगै बसिरहेका थिए । गोहोन्जोन तर्फ हेरेर बसेको बेला श्रीमती इकेदाले उसलाई भन्नुभयो, 'आजको सभा एकदम महत्वपूर्ण छ ।

"जब मैले उहाँलाई सोधे, 'के त्यस्तो सानो बच्चाले पनि तपाईले भन्नुभएको कुरा बुझ्छ होला ? उहाँले भन्नुभयो : "अवश्य । हामी जीवन देखि जीवनको आधारमा सम्बन्ध स्थापना गर्ने कुरा गरिराखेका छौं ।"

"एकचोटी उनको जेठो छोरो खुशी भएर तरवारको खेलौना चारैतिर हावामा हल्लाएर खेलिरहेको थियो र उसले भन्यो, 'बुवाले यो मेरो लागि किनिदिनु भएको हो । उसले दुर्घटनाबस् आफ्नो आमाको हातमा हिर्काउँछ र औंलाबाट रगत वग्छ ।

"श्रीमती इकेदाले हिरोमासालाई रोक्छ : 'तिमीले आमालाई घाउ बनायौं । त्यसको लागि बुवाले तिमीलाई खेलौना किनिदिनुभएको हैन ।"

गोंग्यो (सद्धर्मपुण्डरीक सुत्रको केही भाग पाठ गर्ने ) अभ्यास गर्ने सन्दर्भमा श्रीमती इकेदाले भन्नुभयो : यदि तपाईको बच्चालाई मन छैन भने उसलाई कर गरेर प्रार्थना गर्न लगाउनु हुँदैन । बरू बच्चालाई स्वभाविक रूपमा हुर्कन र विकास हुन मद्दत गर्नुस् ।

## बच्चाहरूलाई अरूको सेवा गर्न अभिलाषीत गर्नु

मैले दाजुभाईको झगडालाई यसो भनेर समहाल्थें, "दाजु भएको नाताले, तिमीले आफ्नो भाइहरूलाई राम्रो ख्याल राख्नु पर्दछ ।" र भाईहरूलाई भन्थे, "भाईले आफ्नो दाजुलाई आदर गर्नुपर्दछ ।"

यहाँ एउटा भनाई छ, तीन वर्षको उमेरमा बच्चाहरूको जस्तो चरित्र हुन्छ त्यो सयौं वर्षसम्म त्यस्तै रहनेछ । यस भनाईलाई सकारात्मक र नकारात्मक दुबै तरिकाले लिन सकिन्छ । बुद्धधर्मले हाम्रो जीवनलाई आफ्नो व्यक्तिगत फाइदाको लागि मात्र केन्द्रित हुनु हुँदैन बरू अरूको लागि पनि सेवा गर्न अभिलाषी हुनुपर्दछ भनेर सिकाउँछ । सोका गाक्काईमा भनिने मानव क्रान्ति (आफ्नो जीवनको भित्री रुपान्तरण) सोचाइको एउटा अभिव्यक्ति हो । बच्चाहरूलाई पनि सानै उमेरदेखि त्यस दिशातर्फ निर्देशित गर्नु पर्दछ, उनीहरूलाई हौसला दिने थुप्रै सनौलो अवसरहरू छन् ।

आमाहरूले मात्र नभईकन बुवाहरूले पनि ती अवसरहरूको फाइदा लिन पाउने भए अति उत्तम हुन्थ्यो तर



बुद्धधर्मले हाम्रो जीवनलाई आफ्नो व्यक्तिगत फाइदाको लागि मात्र केन्द्रित हुनु हुँदैन बरू अरूको लागि पनि सेवा गर्न अभिलाषी हुनुपर्दछ भनेर सिकाउँछ । सोका गाक्काईमा भनिने मानव क्रान्ति ( आफ्नो जीवनको भित्री रुपान्तरण) सोचाइको एउटा अभिव्यक्ति हो । बच्चाहरूलाई पनि सानै उमेरदेखि त्यस दिशातर्फ निर्देशित गर्नु पर्दछ, उनीहरूलाई हौसला दिने थुप्रै सनौलो अवसरहरू छन् ।

प्राय आमाहरू नै आफ्ना बच्चाहरूसंग धेरै नजिक हुन्छन् । उदाहरणको लागि, यदि दुई दाजुभाई वीच झगडा भएमा आमाले कुशलतापूर्वक बच्चाहरूलाई कारण देखाएर सम्झाउँछन् जसले गर्दा उनीहरूले एक आपसमा समन्वय गर्न सकिने विस्तारै बुझ्नेछ ।

आमा आफै पनि हुर्कन र विकास हुनुपर्दछ भन्ने मैले बुझें । यदि उनी विकास भइनन् भने बच्चाहरू पनि सही अर्थमा विकास हुनेछैनन् ।

इकेदा परिवारको "घरको नियम"

हामीमा त्यस्तो कुनै घरको नियमहरू त छैनन् तर हामी सधैं यी बुँदाहरूमा जोड दिन्छौं ः

१) अरूको र समाजको हितको लागि बाँच्नुस्

२) सबै मानिसहरूसंग इमान्दार हुनुस् ।

३) जीवनभर आफ्नो आस्था र दृढ विश्वासलाई कायम राख्नु ।

४) जित्नु भन्दा पनि महत्वपूर्ण कुरा पराजित नहुनु हो ।

त्यसकारण तपाई अन्ततः सबैकुरामा जित्नु हुनेछ ।

अक्सर भनिन्छ की बच्चाहरू आफ्नो अभिभावकहरूलाई हेरेर र उनीहरूको व्यवहार देखासिकी गरेर हुर्कन्छन् । सबैकुरा, अभिभावकले आफ्नो बच्चाहरूको लागि कस्तो उदाहरर्णीय जीवन रोजे भन्ने कुरामा भर पर्दछ ।

## इमान्दारीता र सद्भावका साथ जीउन हुर्किनु

जब मेरो श्रीमान विदेश वा अन्य प्रान्तहरूमा भ्रमण गर्नुहुन्थ्यो, तब उहाँ वर्षभरिमा केही महिना मात्र घरमा वस्नु हुन्थ्यो । उहाँको यात्राको दौरानमा हामीलाई कहिलेकाही टेलिफोन गर्नुहुन्थ्यो । छोराहरूले पालैपालो बुवासंग कुरा गर्थ्यो र कस्तो किसिमको कोसेली ल्याइदिने जस्ता अन्य स-साना कुराहरू हुन्थ्यो । हुनत, उनीहरूलाई आफ्नो बुवा धेरै जसो बाहिर हुने कुरामा वानी परिसकेको भएतापनि उनीहरू उहाँ विना एक्लै हुन्थे ।

उहाँले तीनै जनालाई विदेशबाट चिठ्ठी र पोष्टकार्डहरू पठाउनु हुन्थ्यो, प्राय चिठ्ठीहरूमा थुप्रै हुलाक टिकटहरू टाँसेको हुन्थ्यो । मेरो छोराहरूले आफ्नो बुवालाई कसरी लिन्छन् भन्ने कुरामा म असाध्यै चिन्तित थिएँ ।



एकदिन उनीहरूको विद्यालयको एकजना शिक्षक घरमा भेट्न आएको बेला, उसले उनीहरू ठूलो भएपछि के बन्न चाहन्छन् भनेर सोध्दा, सबै छोराहरूले एकै स्वरमा “म मेरो बुवा जस्तो बन्न चाहन्छु” भने । यो सुनेर मेरो आँखामा आँशु छचल्क्यो ।

मेरो बच्चाहरू वयश्क भएदेखि मैले उनीहरूलाई इमान्दारीता र सद्भावका साथ जीवन विताउनु पर्छ भनेको छुँ । संसारका सतही कुराहरूबाट अविचलित भई पूर्णरूपले जीवन विताएको र गहन सिद्धान्तहरूमा आधारित भएर जीवन विताओस् भन्ने मेरो चाहना हो । म चाहन्छु की, उनीहरूले आफ्नो मनलाई इमान्दार बाटोमा लगाओस् र अर्थपूर्ण जीवन विताओस् । म आभारी छु की, यी आशाहरू पूरा भए ।

मेरो बच्चाहरू वयश्क भएदेखि मैले उनीहरूलाई इमान्दारीता र सद्भावका साथ जीवन विताउनु पर्छ भनेको छुँ । संसारका सतही कुराहरूबाट अविचलित भई पूर्णरूपले जीवन विताएको र गहन सिद्धान्तहरूमा आधारित भएर जीवन विताओस् भन्ने मेरो चाहना हो । म चाहन्छु की, उनीहरूले आफ्नो मनलाई इमान्दार बाटोमा लगाओस् र अर्थपूर्ण जीवन विताओस् । म आभारी छु की, यी आशाहरू पूरा भए ।

# वास्तविक विजयको लागि आस्था

# प्रार्थना : वास्तविक विजयको साँचो

हालसालै, एस.जि.आई. का अध्यक्ष इकेदाले आफ्नो मार्गदर्शनमा भन्नुभयो, "हामीले पूर्णताका साथ गोहोन्जोनमा प्रार्थना गर्नु आवश्यक छ । यद्यपि, कठिनाइले भरिएको जीवन हुनसक्छ, तैपनि महान सुखले भरिपूर्ण जीवनमा रमाऔं र जितौं ! बुद्धधर्म भनेको जीत वा हार हो । जीवनमा जित्नु महत्वपूर्ण छ । हामी सुखमा रमाउनै पर्दछ ।" उहाँले भन्दै जानुभयो, "म जित्छु भनेर प्रार्थना गर्नु महत्वपूर्ण छ । यो निर्णायक घडीमा विजय हासिल गर्ने फलामे कवजको नियम हो ।"

संसारभरका एस.जि.आई. सदस्यहरू "वास्तविक विजय हासिल गर्ने" कठोर दृढतामा आधारित भएर प्रार्थनाका साथ "युवा र विजयको वर्ष" मा प्रवेश गरिसकेका छन् ।

"शताब्दीमा एकचोटी" हुने आर्थिक मन्दीले आज संसारलाई विपत्तिमा पारेको छ । विश्वभरका थुप्रै एस.जि.आई. का सदस्यहरूले सच्चा दाइमोकुमा आधारित भएर "विना असफलता विजय प्राप्त गर्ने" भन्ने अठोटका साथ यस विपत्तिलाई पार लगाउन संघर्ष गर्दैछन् ।

गोहोन्जोनलाई प्रार्थना गर्दा, उसको भित्री अठोटले उसको आस्थाको अभिब्यक्ति गर्दछ । सबैभन्दा महत्वपूर्ण कुरा पूर्ण दृढ विश्वासका साथ दृढ चित्तका साथ प्रार्थना गर्नु हो ।

यद्यपि, हामीले दाइमोकु प्रार्थना गरिरहेको समयमा असम्बन्धित विचारहरू आउने गर्छ जसले हामीलाई प्रार्थनाबाट विभ्रान्त पार्दछ । गोहोन्जोनलाई प्रार्थना गरिरहेको बेला, हामीलाई असुरक्षा र चिन्ताको बादलले घेरिएको समय पनि हुन सक्छ । गोहोन्जोनलाई प्रार्थना गर्दा एकाग्र हुन नसकि धेरैले उनीहरूको मोबाइल फोनहरू यत्तिकै चलाइ राख्ने वा अन्यतिर ध्यान जाने गरेको अनुभव हुनसक्छ ।

यस लेखले निचिरेन दाइशोनिनको लेखहरू र एस.जि.आई.का अध्यक्ष इकेदाको मार्गदर्शनहरूद्वारा गोहोन्जोनमा प्रार्थना गर्दा हुनुपर्ने सही प्रवृत्ति र भावना लाई उल्लेख गरेको छ ।

> गोहोन्जोनलाई प्रार्थना गर्दा, उसको भित्री अठोटले उसको आस्थाको अभिव्यक्ति गर्दछ । सबैभन्दा महत्वपूर्ण कुरा पूर्ण दृढ विश्वासका साथ दृढ चित्तका साथ प्रार्थना गर्नु हो ।

## सद्धर्मपुण्डरीक सुत्र भन्दा महान रणनीति अरु कुनै छैन

अरू कुनै रणनीति भन्दा सद्धर्मपुण्डरीक सुत्रको रणनीतिलाई अपनाउनुस् । *(The strategy of the lotus Surta, WND, p 1001)*

यो भनाई निचिरेन दाइशोनिनले अक्टोवर १२७८ मा शिजो किङ्गोले आफ्नो जीवनको ठूलो दुर्भाग्यहरूलाई पार गरेको प्रतिवेदनको जवाफमा लेख्नुभएको - चिठ्ठीबाट उद्‌त गरिएको हो ।

यस पत्रमा निचिरेन दाइशोनिन, उहाँको शिष्य किङ्गोले आफ्नो साधारण बुद्धिमत्ता, निर्णायक घडीमा साहस देखाएको र अरू भन्दा पनि सद्धर्मपुण्डरीक सुत्रमा उसको दृढ आस्था भएको कारण उसको जीवनको परिक्षणहरूलाई पार लगाएको आफ्नो शिष्यको विजयमा प्रसन्न हुनुभएको छ । दाइशोनिनले किङ्गोलाई यस गहन आस्थामा आफ्नो जीवनलाई निरन्तर आधारित गर्न अफ्र हौसला दिनु भएको छ ।

रणनीति र कार्यहरूले तब मात्र उत्तम लाभ दिनेछन् जब उनीहरूले अद्‌भूत धर्ममा आधारित भएर प्रार्थना गर्नेछन् ।

यस्तैगरि, सच्चा प्रार्थनाले हामीलाई कोसेनरूफु र जीवन दुबैको दैनिक संघर्षमा दृढतापूर्वक विजयी हुन सामर्थ्यवान बनाउछ । यसै प्रार्थनाबाट विवेक, कार्य र मजवुत एकताको उजागर हुन्छ ।

सद्धर्मपुण्डरीक सुत्रको रणनीतिमा आधारित भएर हामी जीवनका हरेक पक्षमा विजय बनौं ।

## आस्थामा लक्षित कोसेनरुफु दाइमोकुद्वारा पराजित कठिनाइहरु

तपाईको श्रीमतीको प्रार्थनाको सन्दर्भमा, यद्यपि, उनले सद्धर्मपुण्डरीक सुत्रलाई शंका नगरेतापनि, उनको आस्था कमजोर हुनसक्छ भन्ने शंका छ । सुत्रले भने अनुसार सद्धर्मपुण्डरीक सुत्रमा विश्वास गर्नेहरूमा पनि वास्तवमै बलियो आस्था नभएको मैले पाएको छु जुन तपाईलाई राम्ररी थाहा छ । उनको प्रार्थना अनुत्तरीत हुनु भनेको बलियो धनुको कमजोर धनुको ताँदो *(Bowstring)* अथवा काँतरको हातमा बलियो तरवार जस्तै हो । सद्धर्मपुण्डरीक सुत्रलाई दोष दिनुको कुनै अर्थ छैन । *(The Royal Palace, WND, P489 )*

तल दिइएको हरफमा निचिरेन दाइशोनिनले शिजो किङ्गोका श्रीमती निचिजेन - न्यो *(Nichigen-nyo)* लाई बलियो र साहसीलो प्रार्थनाको महत्वबारे सिकाउनु भएको छ ।

> सच्चा प्रार्थनाले हामीलाई कोसेनरुफु र जीवन दुबैको दैनिक संघर्षमा दृढतापूर्वक विजयी हुन सामर्थ्यवान बनाउछ । यसै प्रार्थनाबाट विवेक, कार्य र मजवुत एकताको उजागर हुन्छ । सद्धर्मपुण्डरीक सुत्रको रणनीतिमा आधारित भएर हामी जीवनका हरेक पक्षमा विजय बनौं ।

जतिसुकै बलियो धनु भएतापनि यदि धनुको ताँदो *(Bowstring)* कमजोर छ भने, वाणलाई निश्चित ठाउँमा हिर्काउन गाह्रो हुन्छ । जतिसुकै बलियो तरवार भएतापनि यदि त्यो काँतरको हातमा पर्छ भने यसको कुनै प्रयोग हुन सक्दैन । त्यस्तैगरि, साहसी प्रार्थनाहरूद्धारा मात्र अद्भूत धर्मको असीमित शाक्तिको लाभलाई उत्प्रेरित गराउन सकिन्छ ।

निचिरेन दाइशोनिन भुन्नुहुन्छ, "नाम् म्योहो रेङ्गे क्यो सिंहको गर्जन जस्तै हो ।" *(WND, p 412)* जसरी हाम्रो बौद्ध साधना गहिरिदै जान्छ "तीन कठिनाइ र चार राक्षसहरू" एक अर्कामा प्रतिस्पर्धा गर्दै देखा पर्न थाल्नेछन् । कुनै बेला त्यस्तो समय पनि आउन सक्छ जुनबेला हामीले सोच्दै नसोचेका अवरोधहरूको सामना गर्नुपर्ने हुन्छ । त्यस्तो समय पनि हुनसक्छ जुनबेला कठिनाईहरूले एकदम हतोत्साहित पार्न सक्छ जसले गर्दा हामीले आफैलाई भन्छौं की, "अब पुग्यो । यो अन्तिम हो ।"

तर हामीले सधैं याद राख्नुपर्दछ की, त्यो त्यस्तो क्षण हो, जसले हाम्रो विजय वा पराजयको निधो गर्दछ ।

हाम्रो नाम् म्योहो रेङ्गे क्यो प्रार्थनाको ध्वनी श्वेत घोडा कराउनु सरह हो । ब्रम्ह, शत्र, सूर्य र चन्द्र देवताहरु, चार स्वर्गका राजाहरु र अन्यले जब यस ध्वनीलाई सुन्दछ तब कसरी उनीहरु स्वस्थ र चम्किलो प्रकाशका साथ चम्कनबाट चुक्न सक्छ र ? कसरी उनीहरुले हामीलाई संरक्षण र पहरा दिन चुक्न सक्छ र ? हामी यस कुरामा दृढतापूर्वक विश्वस्त हुनुपर्दछ !

जबसम्म हामीले दृढता र अर्न्तर शक्तिका साथ कठिनाइहरूलाई सामना गर्दै रहन्छौं, पार लागाउन नसकिने कुनै पनि कठिनाइहरू हुँदैनन् । हामी अगाडि आइपरेका सम्पूर्ण कठिनाइहरूलाई विजयको सिंहको गर्जन जस्तो साहसीलो दाइमोकुले हटाऔं ।

## ब्रम्हाण्डका संरक्षित कार्यहरुलाई क्रियाशील गर्दै कार्यमा ढाल्नु

हाम्रो नाम् म्योहो रेङ्गे क्यो प्रार्थनाको ध्वनी श्वेत घोडा कराउनु सरह हो । ब्रम्ह, शक्र, सूर्य र चन्द्र देवताहरू, चार स्वर्गका राजाहरू र अन्यले जब यस ध्वनीलाई सुन्दछ तब कसरी उनीहरू स्वस्थ र चम्किलो प्रकाशका साथ चम्कनबाट चुक्न सक्छ र ? कसरी उनीहरूले हामीलाई संरक्षण र पहरा दिन चुक्न सक्छ र ? हामी यस कुरामा दृढतापूर्वक विश्वस्त हुनुपर्दछ ! *(King Rinda, WND, p 989-990)*

राजा रिन्डाको नीति कथामा, रिन्डाले श्वेत घोडा कराएको सुनेर आफ्नो महत्व र शक्ति प्राप्त गर्दथ्यो भने यी श्वेत घोडाहरू राजहंसलाई देखेपछि मात्र कराउँथ्यो । यस नीति कथालाई उल्लेख गर्दै, दाइमोकु प्रार्थनाको गुञ्जायमान ध्वनीले अवश्य ब्रम्हाण्डका सुरक्षात्मक शक्तिहरू जस्तै ब्रम्ह, शक्र र अन्य बौद्ध देवताहरूलाई प्रेरित गराउनेछ भनेर निचिरेन दाइशोनिनले सिकाउनु भएको छ । दाइशोनिनले हामीलाई सम्झाउनु हुन्छ की, "यस कुरामा हामी दृढतापूर्वक विश्वस्त हुनुपर्दछ !"

"म कुनै असफलता विना जित्छु !" जस्तोसुकै भएतापनि मैले आफ्नो लक्ष्य हासिल गर्छु ।"

प्रतिज्ञामा आधारित त्यस्तो शक्तिशाली दाइमोकु र गहन दृढतामा आधारित त्यस्तो प्रगाढ प्रार्थनाले अवश्य

ब्रम्हाण्डका सुरक्षात्मक कार्यहरूलाई प्रेरित गराउनेछ ।

अध्यक्ष इकेदाले आफ्नो मार्गदर्शनमा भन्नुभएकोछ, "कोसेनरूफुको लागि तत्परतापूर्वक काम गरिराखेकाहरूलाई बौद्ध देवताहरू र ब्रम्हाण्डका बुद्ध र बोधिसत्वहरूले संरक्षण दिँदैन भन्ने हुनै सक्दैन ।"

हामीलाई बौद्ध देवताहरूबाट सच्चा संरक्षण प्राप्त हुनेछ भनेर दृढ विश्वास हुनुको साथसाथै "ब्रम्हाण्डका सुरक्षात्मक कार्यहरूलाई प्रेरित गराएर कार्य नगरेसम्म हार मान्ने छैन" भन्ने अगाध दृढताका साथ लगनशीलतापूर्वक प्रार्थना गर्नु नै महत्वपूर्ण छ ।" यही अठोटका साथ निर्भीक भएर निरन्तर अगाडि बढौं ।

## *प्रार्थना गर्दा आफ्नो प्रवृत्तिलाई पुनः पुष्टि गर्नु*

## जीवन रुपान्तरण गर्ने प्रार्थना

यसप्रकार प्रार्थना गर्नुस् की, राक्षसहरू अथवा नकारात्मक, विनाशकारी शक्तिहरू तपाईमा छिर्नुको सट्टा ब्रम्ह, शक्र र सूर्य तथा चन्द्र देवताहरू - सकारात्मक, ब्रम्हाण्डका सुरक्षात्मक शक्तिहरू तपाईको जीवनमा प्रवेश गरोस् ! तिनीहरू तपाईको क्षेत्रका सम्पूर्ण सदस्यहरूको जीवनमा प्रवेश गर्नुका साथै एस.जि.आई का सम्पूर्ण सदस्यहरूमा पनि प्रवेश गरोस् भनी प्रार्थना गर्नुस् । यदि तपाईले यस्तो गर्नुभयो भने, तपाईको शक्ति सय र हजार गुणाले बढ्नेछ । त्यस्तो प्रार्थना र आस्थाबाट तपाईले आफ्नो जीवनको गहिराइसम्म आधारभूत रूपान्तरण गर्न सक्षम हुनुहुनेछ । तपाईको मानव क्रान्ति हासिल गर्ने गोपनीयता नै यही हो ।

आफ्नो टिप्पणीमा, २६औं उच्च पुरोहित निचिकानले लेख्नुभएको थियो : "अद्‌भूत धर्मको शक्तिद्वारा हामीले आफूभित्र निचिरेन दाइशोनिनको जीवनलाई प्रकट गर्छौं ।

## प्रार्थना ठोसपूर्ण हुनुपर्दछ

सोका गाक्काईका दोश्रो अध्यक्ष जोसेइ तोदाले एकचोटी भन्नुभयो, "हामी मानव भएकोले, दाइमोकु प्रार्थना गर्दा विभिन्न विचारहरू आउनु स्वभाविक हो । तर यदि हामीले लगनशीलतापूर्वक प्रार्थना गर्‍यौं भने विस्तारै हामीले गाहोन्जोनमा पूर्णतया केन्द्रित गर्न सक्षम हुनेछौं ।

प्रार्थनाहरू ठोस हुनुपर्दछ र तिनीहरू सच्चा र अठोटपूर्ण हुनु नै पर्दछ । दाइमोकु प्रार्थना गर्ने बेलामा होस् अथवा मौन प्रार्थनाद्य स्थिर मनका साथ प्रार्थना गर्नु एकदम

यसप्रकार प्रार्थना गर्नुस् की, राक्षसहरु अथवा नकारात्मक, विनाशकारी शक्तिहरु तपाईंमा छिर्नुको सट्टा ब्रम्ह, शक्र र सूर्य तथा चन्द्र देवताहरु - सकारात्मक, ब्रम्हाण्डका सुरक्षात्मक शक्तिहरु तपाईंको जीवनमा प्रवेश गरोस् ! तिनीहरु तपाईंको क्षेत्रका सम्पूर्ण सदस्यहरुको जीवनमा प्रवेश गर्नुका साथै एसजिआई का सम्पूर्ण सदस्यहरुमा पनि प्रवेश गरोस् भनी प्रार्थना गर्नुस् ।

महत्वपूर्ण छ । अस्पष्ट प्रार्थनाहरू हुनु हुँदैन । तपाईको जीवनको गहिराइबाट उजागर भएको सच्चा बलियो प्रार्थनाहरूलाई बुद्ध र बौद्ध देवताहरूले प्रतिक्रिया जनाउँदछ ।

## निर्भीक आस्था अंगाल्नु

निचिरेन दाइशोनिन भुन्नुहुन्छ, "सद्धर्मपुण्डरीक सुत्र (गोहोन्जोन) लाई प्रार्थना गरेमा, अन्त्यमा तपाईको प्रार्थनाको जवाफ अवश्य आउछ भन्ने कुरामा विश्वस्त रहनुस् ।" ( गोशो संग्रह, पा. १२२८) इमान्दारीतापूर्वक प्रार्थना गर्ने, असफलता विना विजयी हुने दृढता बोकेका व्यक्ति भन्दा बलियो अरू कोही हुँदैन ।

उहाँको चर्चित लेख, "यासाबुरोलाई जवाफ" मा निचिरेन दाइशोनिन भन्नुहुन्छ : तपाईले प्रतिष्ठा कमाउनु हुनेछ वा कलंक भनेर, यसैले निश्चित गर्नेछ । त्यसैले त मानव भएर जन्मिन र सद्धर्मपुण्डरीक सुत्रमा विश्वास गर्न गाह्रो छ भनिएको हो । तपाईलाई शाक्यमुनी, प्रभुत्तरत्न *(Many Treasures)* र दशै दिशाका बुद्धहरू सबै भेला भएर तपाईको शरीरमा प्रवेश गरेर तपाईलाई मद्दत गरोस् भनी दत्तचित्त भएर प्रार्थना गर्नुपर्दछ ।" *(WND, p 829)*

आस्थाको उद्देश्य विजय हासिल गर्नु हो । वास्तवमा, हामीले यस्तो गर्नेछ भनेर, आस्थाले विश्वास दिलाउँछ । जब हामीले कोसेनरूफुको लागि सक्दो प्रयास गर्छौं र शक्तिशाली दाइमोकु प्रार्थना गर्छौं, हामीले ब्रम्हाण्डका सुरक्षात्मक कार्यहरू - दशै दिशाका बुद्ध र बोधिसत्वहरू र सम्पूर्ण स्वर्गका देवताहरूले विजयको मार्ग उजागर गर्दै कार्य गर्न प्रेरित गराउनेछ ।

श्री तोदाले हामीलाई न्यानो तर कडा सुझाव दिनुभएको छ : "यदि तपाईको अन्तिम वर्षहरू सुखमय छ भने विगतका सम्पूर्ण कठिनाइहरू उत्कृष्ट सम्झनाहरूमा रुपान्तरण हुनेछन् । त्यस्तो हुने भएकोले वीरतापूर्वक संघर्ष गर्नुस् र खुला दिलले कठिनाइहरूलाई स्वागत गर्नुस् ! के दाइशोनिनले धर्म फैलाउन हामीलाई निस्वार्थ संकल्पका साथ संघर्ष गर्न हौसला प्रदान गर्नुभएको छैन ?"

> जब हामीले कोसेनरुफुको लागि सक्दो प्रयास गर्छौं र शक्तिशाली दाइमोकु प्रार्थना गर्छौं, हामीले ब्रम्हाण्डका सुरक्षात्मक कार्यहरु - दशै दिशाका बुद्ध र बोधिसत्वहरु र सम्पूर्ण स्वर्गका देवताहरुले विजयको मार्ग उजागर गर्दै कार्य गर्न प्रेरित गराउनेछ ।

## शक्तिशाली दाइमोकु प्रार्थना गर्नु र आज फेरि विजयी हुनु

हामी आफै नाम् म्योहो रेङ्गे क्यो को अस्तित्व हौं भन्ने घोषणाका साथ दाइमोकुको गुञ्जायमान प्रार्थना मानव प्रतिष्ठा र जीवनको सर्वोत्कृष्ट जयगान ६उबभबल० हो । बुद्ध र धर्मको अथाह र असीमित शक्तिले हाम्रो शरीरमा भरिदिने यो अपरिहार्य गर्जन हो ।

मेरो गुरू जोसेइ तोदाले निम्नि लिखित मार्गदर्शनहरू दिनुभएको थियोः "तपाईसंग यस्तो दृढ विश्वास हुनु नै पर्दछ : "आज विहान मैले सहृदय प्रार्थना गरें । आज बेलुका पनि म त्यस्तै गर्नेछु । मैले अहिल्यै प्रार्थना गर्न सक्छु । त्यसकारण - जे हुन्छ, मलाई थाहा छ सबै ठीक हुनेछ ।" अन्त्यसम्म पनि सहृदय प्रार्थना गर्नु भनेको सम्पूर्ण चीजहरुमा सम्भाव्य उत्तम प्रतिफल हासिल गर्ने सारमय पथ प्राप्त हुनु हो ।"

जब तपाईले जीवनमा कठिनाइ वा चुनौतीको सामना गर्नुहुन्छ उक्त कुरा समाधान नभएसम्म शक्तिशाली तवरले दाइमोकु प्रार्थना गर्नुहोस् । दाइमोकु सिंहको गर्जन हो । यो सम्पूर्ण राक्षसी कार्यहरू र सम्पूर्ण खराबलाई निर्मूल पार्ने आधारभूत उपाय हो ।

विषलाई औषधिमा रूपान्तरण गर्ने अद्भूत धर्मको अत्यधिक शक्तिको सन्दर्भमा भन्नुपर्दा, श्री तोदाले घोषणा गर्नुभयोः "हामी पृथ्वीका बोधिसत्व र दाइशोनिनका अनुयायीहरू हौं । हामी यस संसारमा मानिस भएर जन्मिएर विभिन्न दुःखहरू भोग्नुको कारण यस अद्भूत धर्मको शक्तिद्वारा हमी कति खुशी हुन सक्छौं भन्ने प्रमाणित गर्नको निम्ति हो । आस्था भनेको उत्कृष्ट र अर्थपूर्ण जीवन यापन गर्नु हो ।"

माहात्मा गान्धीले घोषणा गर्नुभएको छ : "हृदय देखि गरेको प्रार्थनाले सबैकुरा हासिल गर्न सकिन्छ ।" *(Arun & Sunanda GAndhi, M K Gandhi's wit and wisdom [Memphis, Tennessee : MK Gandhi Institute for Nonviolence, nd ], np )*

*आशावादी आत्मविश्वासका साथ*

*शक्तिशाली दाइमोकु प्रार्थना गर्नुस्*

*र आज फेरि जित्नु ।*

# जतिसुकै पीडा भएतापनि अपराजित भावना कायम राख्नुस्

नाम् म्योहो रेङ्गे क्यो को धर्म अनन्त विजयको साचो हो । नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्ने र अंगाल्नेहरूको जीवनको अन्त्य उदासीन, पराजय र दुःखी हुनै सक्दैन । दाइशोनिनको बुद्धधर्मको साधकको रूपमा हामीले अद्वितीय शिक्षालाई अंगालेका छौंहा हामीमा रत्नमय तरवार र महान खजाना - अद्भूत धर्म विद्यमान रहेको छ । त्यसकारण, म आशा गर्दछु की, तपाईले अपराजित भावना कायम राख्नु हुनेछ र जतिसुकै पीडादायी वा चुनौतीपूर्ण अप्ठयाराहरूको सामना गर्नुपरेतापनि अन्ततः विजय हासिल गर्नुहुनेछ । यही कुरा बुद्धधर्मले सिकाएको छ । कृपया तपाईले सक्दो गर्नुस् !

श्री तोदाले विश्वासका साथ अक्सर भन्नुहुन्थ्यो की, संसारभर प्रसस्त पैसाहरू छरिरहेका छन् र यदि हामीले बौद्ध साधनाद्वारा संकलित सौभाग्यका साथ त्यस प्रवाह लाई समात्न सक्यौं भने त्यो हाम्रो जीवनमा सजिलैसँग खनिनेछ ।

आस्था अत्यन्त महत्वपूर्ण छ । यस अस्तब्यस्त परिवर्तनको समयमा, हामीले यस ठोस आधारलाई बलियो गरि अंगाल्नु नै पर्दछ ।

आस्था अत्यन्त महत्वपूर्ण छ। यस अस्तव्यस्त परिवर्तनको समयमा, हामीले यस ठोस आधारलाई बलियो गरि अंगाल्नु नै पर्दछ।

# अग्रसर हुने निश्चित मार्ग

आज तपाईहरू समक्ष श्री तोदाका केही मार्गदर्शनहरू बाँड्न चाहन्छु । सन् १९५७ - नव वर्षको आरम्भमा उहाँले भन्नुभएको प्रथम कुराः "हामीले आफूलाई बलियो बनाऔं र उच्च आशाका साथ जिऔं । यसका साथै अरूले पनि आफ्नो जीवनमा बलियो बनाउन मद्दत गर्दै उज्ज्वल आशाको जीवनमा रमाउन दिनुस् ।"

मैले सधैं मेरो गुरूको मार्गदर्शनलाई ध्यान दिएर जगेर्ना र रेकर्डिङ गर्ने गर्थे ।

महिला वर्गका सदस्यहरूको सन्दर्भमा श्री तोदाले भन्नुभयोः "सहृदय इमान्दारीतापूर्वक गोहोन्जोन समक्ष प्रार्थना गरिरहनुस् । धेरै मानिसहरू यस साधारण सिद्धान्त प्रति जागृत हुँदैनन् । यसो गर्न लामो समय लाग्ने जस्तो लाग्न सक्ला तर वास्तवमै भन्ने हो भने यो नै अगाडि बढ्ने छोटो र पक्का बाटो हो ।" यी शब्दहरूमा अन्तिम आदेशको गम्भीरता छ ।

श्री तोदाले यो पनि भन्नुभयो कि, गम्भिर रोगसंग लड्ने मानिसहरूले वास्तवमै जीवनको आधारभूततालाई बुझ्दछ । कति सत्य छ यो । हामी अद्भूत धर्म अंगाल्नेहरूलाई यो झन् कति लागू हुन्छ होला । हामी नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नेहरू महान् दार्शनिक र महान् विजेताहरू हुन् चाहे हामीले जस्तोसुकै परिस्थितिहरूको सामना गर्नु परोस् । हामीले हाम्रो कर्मलाई अवश्य रूपान्तरण गर्न सक्छौं । चार दुःखहरू जन्म, जरा व्याधि र मृत्यु जीवनबाट भाग्न नसकिने अंश हो । तर महत्वपूर्ण कुरा भनेको ती कुराहरूबाट पराजित नहुनु हो ।

श्री तोदाले भन्नुभयोः "कसैले पनि जन्म, जरा, व्याधि र रोगको चार दुःखहरूलाई हटाउन सक्दैन । केवल अद्भूत धर्मले त्यसलाई पार लगाउन समर्थ तुल्याउँछ । आस्था नै

> श्री तोदाले भन्नुभयोः "कसैले पनि जन्म, जरा, व्याधि र रोगको चार दुःखहरूलाई हटाउन सक्दैन । केवल अद्भूत धर्मले त्यसलाई पार लगाउन समर्थ तुल्याउँछ । आस्था नै सारभूत कुरा हो । यद्यपि केही समयको लागि समस्याको समाधान नहोला जस्तो देखिएतापनि, अद्भूत धर्मको शक्तिले सबै कुरालाई सही दिशा र सकारात्मक दिशा - सुख र अनन्त सौभाग्यको दिशा तर्फ डोऱ्याउन सम्भव तुल्याउँछ ।

सारभूत कुरा हो । यद्यपि, केही समयको लागि समस्याको समाधान नहोला जस्तो देखिएतापनि, अद्भूत धर्मको शक्तिले सबै कुरालाई सही दिशा र सकारात्मक दिशा - सुख र अनन्त सौभाग्यको दिशा तर्फ डोऱ्याउन सम्भव तुल्याउँछ । निचिरेन दाइशोनिनले यस अद्भूत धर्मको महान शिक्षालाई हामी समक्ष ब्यक्त गर्न आफ्नो जीवनकालभरि लड्नुभयो ।

जब हामीसंग साँचो आस्था हुन्छ, हामी केही कुराले पनि डराउने छैन । हामीले आफ्नो जीवनमा सुखको मार्ग खोल्न अवश्य सक्नेछौं ।

यदि कसैले शुरू देखि कहिल्यै समस्या वा कठिनाईहरूको सामना नगरि पूर्णतया स्वतन्त्र र सुखी जीवन जीउनु भनेको वास्तवमै दुर्भाग्य हुन सक्छ । एइजि योशिकावा (१८९२-१९६२) भन्ने जापानी लेखकले एकपटक सुविधा सम्पन्न भएका युवालाई भन्नुभयोः "तिमी दुर्भाग्यपूर्ण युवा हो ।" यसर्थ कि, युवावस्था देखि अति सुन्दर र अति रमाईलो वातावरणमा हुर्केको जस्तो ठूलो दुर्भाग्य अरू केही छैन । युवाहरूको संवेदनशीलतालाई देखेर दुःख लाग्छ उसको सुखलाई खुशीका साथ अनुभूती गर्ने क्षमता नै उत्साह हीन हुन्छ । कठिनाई र संघर्ष विनाको जीवनले साँचो विवेक र गहिराईको कमि भएको ब्यक्ति बनाउँछ । त्यस्तो खालको जीवनमा अन्ततः ठोस उद्देश्य वा दिशाको कमि हुन्छ ।

श्री तोदाले अझ भन्नुभयोः "यदि तपाईले गोहोन्जोन समक्ष साँच्चिकै सहृदय प्रार्थना गर्नुहुन्छ भने तपाई विरामी हुनुको कारण तपाई स्वस्थ बन्ने कारणमा रूपान्तरण हुनेछ ।" त्यो नै अद्भूत धर्मको कार्य हो । मुख्य कुरा भनेको नै आस्थामा दृढ विश्वास हुनु हो । यस उत्कृष्ट अद्भूत धर्मलाई अंगाल्न पाएकोमा हामी अत्यन्त भाग्यमानी छौं । त्यसैले, हामीले यसको शक्तिशाली शक्तिको पूर्ण उपयोग गर्नुपर्छ । श्री तोदाले यो पनि भन्नुहुन्छ कि, "जस्तोसुकै कठिनाई आएतापनि आफ्नो सदस्य साथीहरूलाई विश्वासघात नगरि अगाडि बढ्नु । अडिग एकताका साथ कोसेनरूफु ( सम्पूर्ण मानवलाई सुखी बनाउने अभियान) को विजय नभएसम्म अगाडि बढिरहनुस् ।"

*श्री तोदाले अझ भन्नुभयोः "यदि तपाईले गोहोन्जोन समक्ष साँच्चिकै सहृदय प्रार्थना गर्नुहुन्छ भने तपाई विरामी हुनुको कारण तपाई स्वस्थ बन्ने कारणमा रुपान्तरण हुनेछ ।" त्यो नै अद्भूत धर्मको कार्य हो । मुख्य कुरा भनेको नै आस्थामा दृढ विश्वास हुनु हो । यस उत्कृष्ट अद्भूत धर्मलाई अंगाल्न पाएकोमा हामी अत्यन्त भाग्यमानी छौं ।*

श्री तोदाको यसै महत्वपूर्ण दृढ विश्वासका साथ दृढ संकल्प र अठोटका साथ अगाडि बढौं ।

---

*साभारः कस्मिक फेब्रुवरी १४, पा. ६४*

# भाविष्य सिर्जना गर्दै



बहिनीका साथमा

अनिस्मा अर्याल (बायाँ)

## प्रार्थना, जीवनको आधारशीला

म अनिस्मा अर्याल । म अहिले कक्षा १० मा अध्ययनरत छुं । बाबा संगै हामी तीन दिदी-बहिनी एस.जि.आई. मा संलग्न भएको पनि १ वर्ष हुन लाग्यो । मलाई प्रार्थनामा खासै विश्वास लाग्दैन थियो जसले गर्दा मलाई अन्य सदस्य साथीहरूको अनुभव सुन्दा कथा सुनिरहेको झैं लाग्थ्यो ।

जब मैले नै प्रार्थनाको फल पाए तब मात्र मलाई विश्वास लाग्न थाल्यो । गएको माघ महिनामा बाबासंग म र बहिनी मामाघर गएका थियौं । त्यहाँबाट मोटरसाइकलमा फर्किरहंदा गल्छी तिर आइपुग्दा ठूलो हावाहुरी चल्यो । हामी दिदी बहिनी के गरूं भनेर अल्मलियौं । बहिनीले अचानक नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्न थालिन् । म पनि उनलाई साथ दिंदै प्रार्थना गर्न थालें । हावाहुरी रोकिएको देख्दा हामी अचम्ममा पऱ्यौं तर मलाई भने यो केवल संजोग मात्र हो भन्ने लाग्यो । मौसम पानी पर्ला जस्तो थियो । त्यसपछि हामी भोक मेटाउन होटलमा गएर खाजा खान थाल्यौं । होटेलमा पसेका मात्र के थियौं, उत्तिनै खेर ठूलो असिना पानी पऱ्यो । अब कसरी फर्किने होला भन्ने चिन्ताले सताउन थाल्यो ।

पछि, हामीले खाजा खाएर केही समयमा बाहिर निक्लदा म छक्क परें । असिना पानी त घाममा परिवर्तन भैसकेको थियो । हामी राम्ररी घर फर्कियौं । बाटोमा बाबाले तिमीहरूले नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गरेका थियौं त्यसैले आज असिना पानी पनि घाममा परिवर्तन भयो भन्दा मलाई प्रार्थनामा श्रद्धाको भावना जाग्न थाल्यो ।

मैले यस्तो भनिरहंदा, तपाईहरूलाई पनि यो एउटा परीहरूको कथा जस्तै लाग्न सक्छ । प्रार्थना गरेर नै असिना पानी रोक्न सकिन्छ भनेर नै त म भन्न सक्दिन तर प्रकृति र प्रार्थना वीचको अदृष्य सम्बन्ध रहेको मैले अनुभव गरेको छु । म आजभोलि प्रार्थना गर्न निकै रमाउँछु । यसका साथै हरेक शनिबार डिष्ट्रिक्ट सभाहरूमा सहभागी भएर आफूले बुझेका केही अध्ययन सामाग्रीहरूलाई पनि सभाहरूमा बाँड्ने गरेकी छु जसले गर्दा ममा साहस र आत्मविश्वासको विकास भएको छ । मैले आफ्नो अध्ययनको साथ-साथै एस.जि.आई. का विभिन्न क्रियाकलापहरूमा समय मिलाएर सहभागी भैरहेकी छु । अन्तमा म सदैव प्रार्थनालाई प्राथमिकता दिंदै आईपरेका हरेक चुनौतीहरूको विवेकपूर्वक सामना गर्दै अगाडि बढ्ने प्रण गर्दछु ।

# शब्द व्याख्यान

**पृथ्वीका बोधिसत्वहरुः** नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नुको साथै प्रचार गर्नेहरू। "पृथ्वी" भनेको बुद्ध प्रकृति हो र "बोधिसत्व" भनेको अरूहरूको निम्ति सहयोग गर्न आफ्नो जीवन समर्पित गर्ने व्यक्ति हुन्।

**बुद्धः** सम्पूर्ण जीवनको सत्य प्रकृतिलाई अनुभूति गर्ने र अरूलाई पनि उस्तै बोधिज्ञान प्राप्त गर्ने तर्फ डोऱ्याउने व्यक्ति हुन्। सम्पूर्ण मानवमा बुद्ध प्रकृति विद्यमान रहेको हुन्छ र विवेक, साहस, करूणा र जीवन-शक्तिको गुणहरूद्वारा चित्रण हुन्छ ।

**दाइमोकुः** शाब्दिक अर्थमा "शीर्षक" हो। नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना वा वन्दना गर्ने भन्ने बुझिन्छ।

**गोशोः** शाब्दिक अर्थमा "महान आदरको उल्लेखनिय लेख": निचिरेन दाइशोनिनको लेखहरू।

**मानव क्रान्तिः** एक व्यक्तिको अन्तर्रजीवनमा आएको गहन परिवर्तनले समाज र प्राकृतिक वातावरणलाई नै परिवर्तन गर्न सक्ने प्रभावको धारणा हो ।

**इचिनेन सान्जेनः** शाब्दिक अर्थमा "एक पलमा तीन हजार संसारमा निहित हुनु ।" बौद्ध विद्वान र पुजारी तियनताइद्वारा प्रतिपादन गरिएको दर्शनशास्त्रीय प्रणाली हो जसले दैनिक जीवन र आधारभूत सत्य वीचको सम्बन्धलाई वर्णन गर्दछ।

**कर्मः** आफ्नो जीवनमा गरेका कार्य र त्यसका असरहरूको संकलन जुन जीवनको गहिराइमा रहेको हुन्छ र जसले भविष्यमा अक्सर अदृष्य प्रभावको रूपमा कार्य गर्दछ ।

**कोसेनरुफुः** शाब्दिक अर्थमा, "वृहत् रूपमा (बुद्धधर्म) लाई फैलाउनु हो ।" निचिरेन दाइशोनिनको बुद्धधर्मको प्रचार-प्रसारद्वारा सम्पूर्ण मानव जातिको सुख र दिगो शान्ति हासिल गर्नु ।

**सद्धर्मपुण्डरीक सुत्रः** शाक्यमुनि बुद्धको उच्च शिक्षा जसमा शाक्यमुनिले प्रत्यक्ष रूपमा आफ्नो बोधिज्ञान देशना गर्नुभएको छ र उहाँको पहिलेको उपदेश केवल प्रारम्भिक भएको र उपेक्षा गर्नु पर्दछ भनेर घोषणा गर्नु भएको छ।

**निचिरेन दाइशोनिन (१२२२-१२८२):** मौलिक बुद्ध। बुद्धधर्मको सत्य कारकका संस्थापक जसले अप्रिल २८, १२५३ मा पहिलो चोटी नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना गर्नुएको थियो।

**सोका गाक्काईः** शाब्दिक अर्थमा, "मूल्य सिर्जनाको निम्ति समाज हो ।" निचिरेन दाइशोनिनको बुद्धधर्मको संस्थाको नाम हो ।

**दश संसारः** हरेक व्यक्तिमा निहित जीवनको दश सम्भाव्य अवस्थाहरू हुन् जसबाट क्षण क्षण्मा उक्त व्यक्ति गुज्रिरहन्छ। तिनीहरू, नर्क, भोक, रीस, पशुत्व, मानवता, स्वर्ग, शिक्षा, बोध, बोधिसत्व र बुद्धत्व हुन्।

**गोहोन्जोनः** निचिरेन बुद्धधर्ममा समर्पणको वस्तु। यसमा नाम् म्योहो रेङ्गे क्यो को नियम समाविष्ट हुन्छ जसले सम्पूर्ण जीवनमा व्याप्त गर्दछ र सबै मानिसहरूमा विद्यमान बुद्धत्वको जीवनावस्थालाई अभिव्यक्त गर्दछ। गोहोन्जोनलाई नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नाले हामी भित्र विद्यमान बुद्धत्वलाई उजागर गर्न समर्थ हुन्छौं। "गो" भन्नाले "आदर्णीय" र "होन्जोन" भन्नाले "आदरको आधारभूत वस्तु" हो।

**नाम् म्योहो रेङ्गे क्योः** निचिरेन बुद्धधर्ममा प्रतिपादित ब्रम्हाण्डको आधारभूत नियम, जसले जीवनको सही पक्षलाई अभिव्यक्त गर्दछ। यसको प्रार्थना गर्नाले मानिसहरूमा विद्यमान बुद्ध प्रकृतिलाई उजागर गर्दछ र यो एस.जि.आई. का सदस्यहरूको प्रमुख साधना हो। यद्यपि, नाम् म्योहो रेङ्गे क्यो को गहिरो अर्थ यसको साधना गरेपछि मात्र प्रकट हुन्छ तर यसको शाब्दीक अर्थः नाम् (समर्पण), बुद्धधर्मको साधना गर्ने कार्य; म्योहो (अद्भूत धर्म), ब्रम्हाण्डको आवश्यक नियम र यसको प्रकट; रेङ्गे (सद्धर्म), कारण र असरको परस्परता; क्यो (बुद्धको उपदेश), सम्पूर्ण गतिविद्यि हुन्।

# New Human Revolution Series






**Vol 1- Vol 20 ₹ 275 EACH**

# Human Revolution Series




| | |
|---|---|
| Vol 1-3 | ₹ 375 |
| Vol 4-6 | ₹ 375 |
| Vol 7-8 | ₹ 375 |
| Vol 9-10 | ₹ 375 |
| Vol 11-12 | ₹ 400 |

**Eternal Ganges Press Pvt. Ltd.**
E-15, 4th Floor, Hauz Khas Market, Hauz Khas, New Delhi - 110016
Phone: 011-46109201, 011-46109203-09
In case of any queries please write to:
**sales@eternalganges.com**

*[All rates are in Indian Rupees]*

IMALAYAN PEACE SERVICE

प्रकाशनः
हिमालयन पिस सर्भिस